वर्ष : १४, अंक : ५१, काठमाडौं, २०७५ चैत २९ गते शुक्रबार, 12 April 2019, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

नयाँ वर्ष २०७६
को पावन अवसरमा समस्त पाठक, शुभचिन्तक, ग्राहक तथा विज्ञापनदाताहरूको सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
मधेशवाणी
परिवार

## सरकारबाट बाहिरिने चेतावनी

खोटाङ । उपप्रधान तथा स्वास्थ्य मन्त्री उपेन्द्र यादवले सरकारमा सहभागी हुनेक्रममा गरिएका सम्झौता कार्यान्वयन नभए सरकारबाट बाहिरिने चेतावनी दिएका छन् । संघीय समाजवादी फोरम खोटाङले दिक्तेलमा आयोजना गरेको पत्रकार सम्मेलनमा मन्त्री यादवले हालसम्म प्राप्त उपलब्धीलाई संस्थागत गर्ने, संघीय गणतन्त्र, समावेशिता र पहिचानको मुद्दालाई संस्थागत गर्ने मुद्दा पूरा नहुने अवस्था आए आफ्नो पार्टीको बाटो अलग हुने बताए ।
'राजनीतिक कारणहरू, मधेशी, आदिवासी जनजातीका मुद्दाहरू, महिलाका मुद्दाहरू, दलितका मुद्दाहरू, पिछ्छिडिएका वर्ग र समुदायका मुद्दाहरू अहिले पनि सम्बोधन हुन बाँकी छ । त्यसलाई सम्बोधन गरेर जाने समझदारीमा हामी सरकारमा गएको हो,' संघीय समाजवादी फोरमका अध्यक्ष समेत रहेका मन्त्री यादवले भने, 'जुन कारणका लागि हामी सरकारमा समावेश भयौं, त्यो भएन भने, हुन नसक्ने स्थिति भयो भने या गर्दिन भन्ने भयो भने त्यो बेला हाम्रो बाटो फरक हुन सक्छ । त्यो निश्चित हो । तर, अहिले नै सरकार छाड्ने भन्ने छैन ।'

## अन्तरिम आदेशको विरोध

काठमाडौं । नागरिकतासम्बन्धी हालै गृह मन्त्रालयले जिल्ला प्रशासनहरूलाई गरेको निर्देशनलाई रोक्न सर्वोच्च अदातलले दिएको अन्तरिम आदेशको राजपाले विरोध गरेको छ । संविधानको धारा ११ को उपधारा ३ को व्यवस्थाविपरीत र यसअघि सर्वोच्चले नै दिएको आदेशविपरीत आदेश आएको राजपाको निष्कर्ष छ । गृह मन्त्रालयले गत १९ गते सबै जिल्ला प्रशासन कार्यालयलाई जन्मका आधारमा नागरिकता पाएकाहरूका सन्तानलाई वंशजको नागरिकता दिन परिपत्र गरेको थियो । त्यसविरूद्ध परेको रिटमा सुनुवाइ गर्दै सर्वोच्चले उक्त परिपत्र कार्यान्वयन नगर्नु भन्ने अन्तरिम आदेश दिएको थियो ।

## 'सत्ताधारी दलले मधेशीलाई विदेशी हेऱ्यो'

सर्लाही । नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा. मिनेन्द्र रिजालले सत्ताधारी नेपाल कम्युनिस्ट पार्टीले मधेशी समुदायलाई विदेशी नागरिकको रूपमा व्यवहार गरेको आरोप लगाएका छन् । सर्लाहीको लालबन्दीमा नेपाल प्रेस युनियनले आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै नेता रिजालले भने, 'सत्ताधारी नेकपा सबै मधेशीलाई विदेशी देख्छ । दुई तिहाइको सरकारले यथाशीघ्र संसद्बाट नागरिकता विधेयक पारित गराएर जन्मसिद्धका सन्तानलाई वंशजको नागरिकता प्रमाणपत्र दिनुपर्ने भन्दै रिजालले गृह मन्त्रालयको सामान्य परिपत्रको आधारमा वितरण थाल्नुले सरकारको नियत ठिक नदेखिएको दाबी गरे । दुई तिहाइको सरकारले चाह्यो भने तुरून्त नागरिकता ऐन जारी हुने र मधेशी समुदायले सहज रूपमा नागरिकता प्रमाणपत्र प्राप्त गर्न सक्ने उनको भनाइ छ । विदेशीलाई नभई वास्तविक मधेशीले सहज रूपमा नागरिकता प्रमाण पत्र पाउनुपर्ने नेपाली कांग्रेसको धारणा रहेको रिजालले स्पष्ट पारे ।

## मुख्यमन्त्री कार्यालयमा जचुकालीको बोर्ड

जनकपुरधाम । प्रदेश २ को मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको मुख्यद्वारमै जनकपुर चुरोट कारखाना लिमिटेडको बोर्ड झुण्ड्याइएको छ । प्रदेश २ मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा झुण्ड्याइएको जचुकालीको बोर्डबारे प्रदेश सरकार अनभिज्ञता प्रकट गरिरहेको छ ।
त्यो बोर्ड कसले र किन लगाए त्यसबारे प्रदेश सरकार वा मन्त्रीहरूलई केही थाहा नभएको एक मन्त्रीले बताएका छन् । हाल प्रदेश २ को मन्त्रिपरिषद् कार्यालय पहिला जचुकालीकै थियो । विगत लामो समयदेखि बन्द अवस्थामा रहेको जचुकालीलाई पुन: सञ्चालन गरिने चर्चा छ ।
प्रदेश सरकारले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई 'मधेश भवन' भनेर नामाकरण गरेको हो । प्रदेश २ का पर्यटन, उद्योग, वन तथा वातावारण राज्यमन्त्री सुरेश मण्डलले यसबारे प्रतिक्रिया दिँदै भने, 'जचुकालीको बोर्ड झुण्ड्याउनु कुनै ठूलो कुरा होइन ।' जचुकालीको बोर्ड कसले र किन लगाए यसबारे आफूहरूलाई जानकारी नभएको राज्यमन्त्री मण्डलले मधेशवाणीलाई बताएका छन् । हालसम्म प्रदेश २ को अस्थायी राजधानी जनकपुरधाम रहेको र स्थायी राजधानी अन्तै सार्न लागिएको आशंका गरिँदै छ ।

## फुटको संघारमा सीके राउतको पार्टी !

काठमाडौं । पृथकतावादी अभियान छोडेर मूलधारको राजनीतिमा आएका डा. सीके राउत नेतृत्वको जनमत पार्टी दर्ता नहुँदै फुटको संघारमा पुगेको छ । अलग मधेश राष्ट्र निर्माणको सपना देखाएर युवाहरूलाई दिग्भ्रमित गरेको आरोप उनकै पार्टीका नेता कार्यकर्ताहरूले लगाउन थालेका छन् । गत फागुन २४ गते नेपाल सरकारसँग ११ बुँदे सहमति गरी मूलधारको राजनीतिमा आएका डा.राउतले व्यक्तिगत स्वार्थ मात्रै पूरा गरेको असन्तुष्ट नेता कार्यकर्ताहरूको आरोप छ । असन्तुष्ट मध्येका एक नेता भन्छन्, 'डा.राउतले नेपाल सरकारसँग गरेको ११ बुँदे सहमतिमा एउटा पनि मधेश र मधेशीको हक अधिकार वा अन्य कुरा उल्लेख छैन । डा. राउत नितान्त व्यक्तिगत फाइदाका लागि मात्रै सो सहमति गरेका हुन् ।' नाम उल्लेख नगर्न आग्रह गर्दै ती नेताले भने, 'डा.राउतले केपी ओली सरकारसँग गरेको सम्झौतामा विभिन्न व्यक्तिगत स्वार्थहरू लुकेको छ । डा.राउतलाई राष्ट्रिय सभामा वा अन्य कुनै पदमा एडजस्ट गर्ने गोप्य सहमति भएको हो ।' असन्तुष्ट नेताहरूले अब पुन: मधेश राष्ट्र निर्माणका लागि छुट्टै संगठन खोल्ने तयारीमा जुटेको स्रोतको दाबी छ । ११ बुँदे सहमति पश्चात् डा.राउतले कुनै पनि आफ्नो अभिव्यक्ति सार्वजनिक गरेका छैनन् । उनको मौनताको रहस्य के हो भन्ने विभिन्न अड्कलबाजी गर्न थालिएको छ । उनले आफ्नो नेता कार्यकर्ताहरूलाई समेत विश्वासमा लिन सकेका छैनन् । एकातिर डा.राउत निर्वाचन आयोगमा पार्टी दर्ताको तयारी गरिरहेका छन् भने अर्कोतिर असन्तुष्ट नेता कार्यकर्ताहरू छुट्टै संगठन निर्माणका लागि भित्रभित्रै तयारी गरिरहेका छन् ।

## राजपा नेपाल : काम कुरो एकातिर, कुम्लो बोकी ठिमीतिर

# मूल मुद्दा छाडेर कार्यकर्ता फकाउने प्रपञ्च

मधेशवाणी डेस्क

काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि राजपा अहिले अन्योलग्रस्त छ । मुखमा आइसकेको पहिलो महाधिवेशनलाई सार्न अनेक बहाना बनाइरहेको उसले अहिले कार्यकर्तालाई थप अन्योल बनाउन खोजिरेहको छ । महाधिवेशन जस्तो महत्वपूर्ण विषयमा पार्टी र संगठनलाई केन्द्रित गर्ने ठाउँमा उसले नेता तथा कार्यकर्ताको ध्यान अन्तै मोड्ने प्रयासमा छ ।
सरकारलाई दिएको समर्थन फिर्ता लिएर विपक्षी कित्तामा गएको उसले अब सडक आन्दोलनतर्फ लागेको छ । राजपाले शुक्रबार देशभर शक्ति प्रशर्दन गर्न लागेको छ । सरकारलाई दबाब दिने उद्देश्यले राजपाले देशभर प्रदर्शन गर्ने निर्णय गरेको हो । उसले ९ बुँदे मागसहित प्रदर्शन र कोणसभा गर्न सबै जिल्ला कार्यसमितिलाई परिपत्र गरेको छ ।
लाल आयोगको प्रतिवेदन तत्काल सार्वजनिक गर्न, संविधान संशोधनको माग पूरा गर्नुपर्ने, रेशम चौधरीलगातलाई तत्काल रिहाई गर्नुपर्ने, जन्मसिद्ध नागरिकता पाएकाका सन्तानलाई वंशजको नागरिकता दिनुपर्नेलगायत ९ बुँदे माग राखेको छ । जन्मसिद्ध नागरिकता पाएकाका सन्तानलाई वंशजको आधारमा नागरिकता दिनबाट वञ्चित गरेर राज्यविहीन बनाउने षड्यन्त्र भएको राजपाको आरोप छ । केन्द्रीयस्तरका नेतासमेत जिल्लामा जानेछन् । सरकारलाई खबरदारी गर्नका लागि सडक प्रदर्शनमा निस्कन लागेको अध्यक्षमण्डलका नेता राजेन्द्र महतोले जानकारी दिए ।

**महाधिवेशन अन्योल**

राजपाको पहिलो महाधिवेशन सम्मुखमा छ तर त्यसका लागि अहिलेसम्म पर्याप्त तयारी भएको छैन । पार्टीका शीर्ष नेताहरू नै महाधिवेशन नगर्ने पक्षमा छन् । त्यसैले पूर्व निर्धारित मितिमा महाधिवेशन नहुने करिब करिब निश्चित छ । महाधिवेशन सार्नका लागि नेताहरूले विभिन्न बहाना खोजिरहेका छन् ।



उनीहरूले सबैभन्दा भरपर्दो बहाना केही दिनअघि बारा र पर्सामा गएको हावाहुरीलाई बनाउने भएका छन् । बारा र पर्सामा राहत वितरणमा पार्टीका नेता तथा कार्यकर्ता व्यस्त हुनुपर्ने भएकाले महाधिवेशनका लागि तयारी गर्न नभ्याएको राजपाका नेताहरूको तर्क छ ।
राजपाका नेताहरूले केही दिनअघि जनमुक्ति पार्टीका केही नेतालाई आफ्नो पार्टीमा भित्र्याएका थिए । जनमुक्ति पार्टीसँग पार्टी एकीकरण गरिएको बहाना पनि देखाउँदै नेताहरूले बैशाखमा तोकिएको महाधिवेशन सार्न लागेका हुन् । *मधेशवाणी*सँगको कुरामा पार्टीका वरिष्ठ उपाध्यक्ष विषेशचन्द्र लालले पूर्वनिर्धारित समयमा महाधिवेशन गर्न नेतृत्व इमान्दार नभएको टिप्पणी गरे ।
केन्द्रीयस्तरका एक नेताका अनुसार बारा-पर्सामा आएको हावाहुरी र जनमुक्ति पार्टीसँग गरिएको एकीकरणका कारण बैशाखमा हुने भनिएको महाधिवन केही समय पर सार्ने सम्भावना प्रबल छ । राजपाले चैत १५ सम्म सदस्यता वितरण गर्न समय तोकेको थियो । अहिलेसम्म तल्लो तहमा अधिवेशनको प्रक्रिया अघि बढेको छैन । राजपाको विधानअनुसार राजपाका महाधिवेशन हुनुअघि मातहतका ६ वटा तहमा अधिवेशन हुनुपर्छ ।
निर्धारित तिथि बैशाख ७ देखि ९ मा राजपाको महाधिवेशन हुन सकेन भने पार्टी गठन भएको दुई वर्षसम्म पनि राजपाले महाधिवेशन गर्न सक्दैन । निर्वाचन आयोगमा पार्टीले बुझाएको विधानमा दुई वर्षभित्र महाधिवेशन गर्ने प्रतिबद्धता गरिएको छ । २०७४ बैशाख ७ मा तत्कालीन ६ पार्टीबीच एकीकरण भई राजपा गठन गरिएको थियो । पार्टी गठन हुँदा राजपाका नेताहरूले एक वर्षभित्र महाधिवेशन गर्ने बताएका थिए । एक वर्षभित्र महाधिवेशन गर्न नसकेपछि उनीहरूले पार्टीको विधान संशोधन गरी दुइ वर्षभित्र महाधिवेशन गर्ने जनाएका थिए । अब विधान संशोधन गरेर महाधिवेशन सार्न राजपाका नेताहरूले त्यती गाह्रो छैन । अध्यक्षमण्डलका सदस्यहरूले विधान संशोधन गर्न सक्ने अधिकार अध्यक्षमण्डललाई दिइएको छ । यो अधिकारलाई प्रयोग गर्दै अध्यक्षमण्डलका सदस्यहरूले अहिलेसम्म दुईपटक विधान संशोधन गरिसकेका छन् । अध्यक्षमण्डलका सदस्यहरूलाई विधान संशोधन गर्ने दिइनु अधिकार लोकतान्त्रिक पद्धतिभित्र नपरेको पार्टी भित्रै तीव्र गुनासो छ ।
राजपाको महाधिवेशन बैशाखबाट सर्ने हो अध्यक्षमण्डलका संयोजक हुने अवसर अब राजकिशोर यादवले पाउनेछन् । अहिलेसम्म राजकिशोर र अनिल झाले एकपटक पनि संयोजक हुन पाएका छैनन् । चक्रीय प्रणालीका आधारमा दुई/दुई महिनामा संयोजक परिवर्तन हुने परम्परा भए पनि अहिलेसम्म यादव र झाले यस्तो अवसर पाएका छैनन् । चैत ४ बाट संयोजकमा शरत्सिंह भण्डारी संयोजक भएका हुन र उनको पालो जेठ ४ सम्म रहने छ । त्यसपछि यादव संयोजक हुनेछन् । यादवपछि झाको पालो आउने छ ।
यता महाधिवेशनपछि पनि बहुअध्यक्षीय प्रणाली कायम रहने कि एकल नेतृत्वमा जाने भन्ने विवाद अझै टुंगो लागेको छैन । निर्वाचन आयोगमा बुझाएको विधानमा महाधिवेशन पछि पनि अध्यक्षमण्डलका कायम हुने छ भनी प्रष्टसँग लेखिएको छ भने कार्यकर्तालाई बाँड्न छापिएको विधानमा सो व्यवस्था हटाइएको छ ।

**विकल्प के ?**

निर्धारित मितिमा महाधिवेशन गर्न नसक्ने भएपछि राजपाका अध्यक्षमण्डल संयोजक शरत्सिंह भण्डारीले केन्द्रीय समिति, एकता प्रक्रियामा जोडिएका दलका नेता र गत निर्वाचनमा उम्मेदवार भएका व्यक्तिहरूलाई प्रतिनिधि मानेर महाधिवेशन गर्नुपर्ने प्रस्ताव गरेका छन् । असारभित्र महाधिवेशन नसके पार्टीको वैधानिकतामा संकट आउने भएकाले उनले विकल्प अघि सारेका हुन् ।
संयोजक भण्डारीले बैठकमा तल्लो तहको अधिवेशन गर्न समय लाग्न सक्ने भएकाले वैधानिकताको प्रश्न हल गर्न विकल्पमा जानुपर्ने धारणा राखेका छन् । यो विकल्प प्रयोग गर्दा तल्लोदेखि माथिल्लो तहसम्मकै नेताहरू महाधिवेशनमा समेटिने र यो विधिबाट गर्दा छिट्टै महाधिवेशन गर्न सम्भव पनि हुने उनको दाबी छ ।
संयोजक भण्डारीले अन्य दुई विकल्प पनि प्रस्ताव गरेका छन् । जसमा वडा कमिटी र प्रतिनिधिसभाको क्षेत्रीय समितिको अधिवेशन पहिले सक्ने र त्यसबाट प्रतिनिधि छान्ने वा सबै वडा, गाउँपालिका, नगरपालिका, प्रदेशलगायतको अधिवेशन सकेर केन्द्रीय महाधिवेशन गर्नुपर्ने छन् । दोस्रो र तेस्रो विकल्पमा जाँदा असारको समयसीमाभित्र काम सक्न जटिल हुने उनले ठानेका छन् ।
भण्डारीको यो प्रस्तावमा राजपाले अहिले कुनै निर्णय गरिसकेको छैन । अध्यक्षमण्डलको निष्कर्षपछि राजनीतिक समितिबाट निर्णय हुनेछ ।

## प्रधानसेनापतिद्वारा निरीक्षण

बारा । प्रधानसेनापति पूर्णचन्द्र थापाले चैत १७ गते आएको विनाशकारी हावाहुरीबाट क्षति भएको भौतिक संरचनाको निरीक्षण गरेका छन् । बारा पर्साका हावाहुरी प्रभावितको घर निर्माणको जिम्मा सरकारले सेनालाई दिएका बेला प्रधानसेनापति थापा सोमवार। प्रभावित गाउँमा पुगेका हुन । थापाले फेटा गाउँपालिका १ भलुही भरवलिया र वडा नम्बर ६ पुरैनिया र परवानीपुरको चैनपुरमा पुगेर भौतिक संरचनाको निरीक्षण तथा पीडितसँग भलाकुसारी गरेका थिए । थापासँगै क्षतिग्रस्त गाउँमा पुगेका नेपाली सेनाका कर्नेल पारसविक्रम शाहले हुरी प्रभावितलाई भेटेर प्रधानसेनापतिले पीडितको अवस्था बुझेको तथा घर निर्माण गर्न आवश्यक पर्ने जग्गाको बारेमा जिज्ञासा राखेको बताए । उनका अनुसार प्रधानसेनापति थापाले पीडितसँग भेटघाट गर्ने क्रममा जग्गा उपलब्ध गराइए सेनाले भत्केको घरको निर्माण कार्य शुरू गर्नमा ढिलाई नगर्ने आश्वासन दिएका थिए ।

**बेलाको बोली**

रामसुकुल मण्डल



# मधेशीको राष्ट्रियता माथि किन शंका ?

कुनै विषयका बारेमा कसैको मानसिकतामा 'त्रास'ले बास गरेपछि त्यो 'त्रास' सहजै निस्कन गाह्रो हुन्छ । यसलाई चिकित्सकीय भाषमा 'फोबिया' भनिन्छ । यस्तो फोबिया थरीथरीको हुन्छ । नेपालमा भारत फोबिया धेरै पुरानो छ । नेपालको भारतसँग पुरानो र ऐतिहासिक सम्बन्ध छ । खुला सिमानाले गर्दा जनता-जनता बीच हुने सम्बन्ध स्वाभाविक भएपनि तात्कालीन राजपरिवार, भाइभारदार, सेना प्रहरी, ठूला कर्मचारीहरू, उद्योगी व्यापारीहरूको तदनुरूपको सम्बन्धका अलावा वैवाहिक सम्बन्ध पनि रही आएको छ । नेपाल र भारतको सम्बन्ध राजनीतिक रूपमा भन्दा पारिवारिक सम्बन्ध रहेको पाइन्छ । प्राचीनकालदेखि नै रहिआएको सम्बन्धको रूपमा मानिन्छ ।

उत्तरमा चीनको भोट तिब्बतसँग पनि नेपालको सम्बन्ध रहेको छ । परम्परागतरूपमा भोट तिब्बतको सम्बन्धभन्दा भारतकै सम्बन्ध विस्तारित रहेको छ, त्यसमा भने शंका छैन । भारत स्वतन्त्र भएपछि राजनीतिक कारणले पाकिस्तानबीच तारको बार खडा भएपनि नेपालसँगको सीमा खुला नै रहेको पाइन्छ । कतिपयले नेपाल भारतबीचको सम्बन्धलाई पनि तारले बाँड्नु पर्ने मान्यता राख्ने अन्धराष्ट्रवादीहरूको कमी भने छैन नेपालमा । यो त्यसै भएको पनि होइन । राजनीतिक दुनो सोझ्याउन भारत विरूद्धको विषवमन गर्ने योजना तहत गरिएको पाइएको छ । यस्तै यस्तै योजना अन्तर्गत भारतीय मूलका महेन्द्र चौधरी फिजिमा प्रधानमन्त्री भएपछि त्यसलाई निहुँ बनाएर नेपाललाई फिजि बनाउन भारतले लागिपरेको

> नागरिकता विदेशीले लिएमा कानुनी उपचार खोज्नुपर्ने हुन्छ । तर आधारभूत मानवअधिकारलाई हनन हुने गरी कानुन बनाउनु किमार्थ हुँदैन ।

स्यालहुँइया मच्चाएको बेला देख्नेलाई लाज हुने अवस्था सिर्जना भएको तिनले पत्तै पाएन । मधेशीलाई भारतीय देख्नेहरूले भारतीय भूखण्डबाट भागेर कालान्तरमा नेपाल आएर शाहवंश स्थापना गर्नेहरू भारतीय नहुने र महेन्द्र चौधरी भारतीय हुने दृष्टिकोणको तुलना एवं परीक्षण गर्नु पर्ने हो कि होइन् ।

देशलाई फिजि बनाउने योजनाकै प्रभावबाट प्रभावित भएकाहरूले फेरि त्यो विषयलाई नागरिकताको विवादको आवरणमा उठाएका छन् । तत्कालीन नेकपा एमालेका नेताहरूले मधेशीलाई हेर्ने दृष्टिकोणमा अहिले पनि सुधार गरेका छैनन् । तिनीहरूको दृष्टिदोष कायमै रहेकोले नागरिकताका सवाल उठ्दा जहिले पनि मधेशीको राष्ट्रियता माथि प्रश्न तेर्स्याउने गरेका छन् ।

भारतमा शासन गरिरहेका उपनिवेशवादी बेलायती शासकले भारतको मोतिहारी चम्पारण क्षेत्रका मानिसलाई भेडाबाख्रा जस्तो बलपूर्वक फिजि मारिसस, ट्रिनिडाड जस्ता उपनिवेशमा उनीहरूको शोषण गर्न लगेका थिए । पुस्तौंपुस्ता उनीहरू त्यहीं बसे र उनीहरूको श्रमको शोषण त्यहाँ भएको हो । फिजिहरूले सहेको शोषण भन्दा कम शोषण उनीहरूले फिजिमा सहेका छैनन् । त्यहाँका फिजि र भारतीयहरू दुबै उनीहरूकै गुलाम जस्तै कार्य गरे । जब फिजि उपनिवेशबाट स्वतन्त्र भयो त्यतिखेर फिजि र त्यहाँका भारतीय दुबै त्यहाँको नागरिक भए । यसरी फिजिमा महेन्द्र चौधरीहरूको इतिहास रहेको पाइन्छ ।

नेकपाका एक नेताले युपी र विहारका आधा जनसंख्यासँग नेपाली नागरिकता रहेको मिडियामा अभिव्यक्ति दिएका छन् । यो अभिव्यक्तिको व्यापकरूपमा आलोचना पनि भएको छ । तर, यस्ता अभिव्यक्ति दिने नेताको अध्ययन, सुझबुझ र मानसिकताबारे सबैले सहजै अनुमान लगाउन सकिन्छ । उनले यस्ता अभिव्यक्ति दिँदा पहिला यथार्थ के हो त्यो बुझ्नुपर्ने हुन्छ । भारतको युपी र बिहारको जति भूगोल छ त्यति भूगोल नेपालको पनि छैन । त्यहाँको जनसंख्या यहाँभन्दा बढी छ । आफूलाई ठूला राष्ट्रवादी देखाउन मधेशीलाई भारतीय भन्ने र भारतलाई

बाँकी पृष्ठ ८ मा





## सम्पादकीय



# नयाँ वर्ष र मधेशको राजनीति

नयाँ वर्ष २०७६ सुरू हुँदैछ। नेपालको राजनीतिमा उतार चढावका साथ वर्ष २०७५ ले विदा लिँदैछ। ३ सय ६५ दिनको एउटा समयचक्र पूरा गरेपछि नयाँ सम्वत्सर फेरिन्छ र नयाँ वर्ष सुरू हुन्छ। नेपालमा विक्रम सम्वत् प्रचलनमा छ र हरेक वर्षको बैशाख १ गतेलाई नयाँ वर्षको पहिलो दिन मानेर वर्ष पात्रो फेरिने क्रम चल्दै आएको छ। नयाँ वर्षको आगमनलाई विशेष उत्साह र उमंगका साथ स्वागत गर्ने र एक आपासमा शुभकामनाको आदान प्रदान गर्ने परम्पराको निर्वाह हुँदै आएको छ।

यो वर्ष मधेशका लागि ठूलो कष्टदायी बन्यो। बारा र पर्सा आएको आन्धीले २८ जनाको ज्यान लियो भने सयौंको घरबारबिहीन अवस्थामा पुर्‍यायो। अहिले स्थिति साम्य भएपनि पीडा भने उस्तै छ। शोक र क्षतिको यो अवस्थालाई नयाँ शक्ति निर्माण र राष्ट्रको पुनः निर्माणको अवसरमा बदल्ने प्रतिज्ञा गरिए पनि यथार्थमा त्यो परिणत हुन नसक्ने संकेतहरू देखिदै छ। बारा र पर्साको पीडा यो नयाँ वर्षले अन्त्य गर्नछ भन्ने अपेक्षा पनि छ। यसबाहेक बितेको वर्षमा मधेशमा केही नयाँ र रोचक राजनीतिक घटनाक्रम पनि भएका छन्। देशमा केही ठूला घटना पनि भएका छन्। यहि वर्ष तत्कालीन नेकपा एमाले र माओवादी केन्द्रबीच पार्टी एकता वर्षभरकै महत्वपूर्ण राजनीतिक घटनाक्रम बन्यो। प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको पूर्वसन्ध्यामा २०७४ असोजमा चुनावी तालमेलको घोषणा गरेका एमाले र माओवादीबीच जेठ ३ गते पार्टी एकताको घोषणा भयो।

१७ महिनाअघि सम्पन्न प्रतिनिधिसभा र प्रदेश सभाको चुनावमा व्यहोरेको अनपेक्षित पराजयपछि थलिएको नेपाली कांग्रेसको पार्टी भित्रको अन्तरकलह वर्षभर नै चर्चाको विषय रह्यो। प्रमुख प्रतिपक्षीमा पुगिएको कांग्रेस अहिले विवादै विवादमा रूमल्लिएको छ। चुनावमा व्यहोरेको लज्जास्पद पराजयपछि कांग्रेस नेताहरूले पार्टीमा सुधारको बहस गरेका थिए। चुनाव सम्पन्न भएको डेढ वर्षपछि ७० वर्ष पुरानो पार्टी कांग्रेस विवादै विवादमा रूमल्लिएको छ। आक्रोशित कार्यकर्ताको विरोध मत्थर गर्न सभापति शेरबहादुर देउवाले मंसिर २९ गतेदेखि महासमिति बैठक बोलाएका थिए।

यसबाहेक मधेश 'स्वराज'को नारा लिएर पृथकतावादी गतिविधि गरिरहहेको डा. सीके राउतको 'स्वतन्त्र मधेश गठबन्धन' राजनीतिक मूलधारमा आएको विषय वर्षको पनि

**यो वर्ष मधेशका लागि ठूलो कष्टदायी बन्यो। बारा र पर्सामा आएको आँधीले २८ जनाको ज्यान लियो भने सयौंलाई घरबारविहीन अवस्थामा पुर्‍यायो। अहिले स्थिति साम्य भएपनि पीडा भने उस्तै छ।**

अर्को महत्वपूर्ण राजनीतिक घटना हो। शक्तिकेन्द्रको 'लगानी'मा मधेशमा पृथकतावादी गतिविधि गरेको आरोप सीके राउतमाथि थियो। सरकारसँग ११ बुँदे सहमति गरी राउत राजनीतिको मूलधारमा आएका छन्। मधेशमा क्षेत्रीय दलको औचित्यतामाथि प्रश्न उठ्न लागेको समयमा राउतले आफ्नो संगठनलाई 'जनमत पार्टी'को रूपमा दर्ता गर्ने बताएका छन्। फागुन २४ गते राउतसँग भएको सहमतिमा उल्लेखित 'जनअभिमत'लाई लिएर देशको राजनीति हप्तादिनसम्म तरंगित बन्यो। नयाँ संविधानलाई 'नश्लवादी'को आरोप लगाएर संविधान संशोधनको रटान लगाइरहेको संघीय समाजवादी फोरम सरकारमा सहभागी भयो। नेकपाका अध्यक्षद्वय ओली र प्रचण्डसँग लिखित सहमति गरेर फोरम सरकारमा सहभागी भयो।

फोरम सरकारमा रहिरहेको समयमा अर्को मधेशी दल राष्ट्रिय जनता पार्टी (राजपा)ले सरकारलाई दिएको समर्थन फिर्ता लियो। सर्वोच्च अदालतका पूर्वन्यायाधीश गिरिशचन्द्र लालको अध्यक्षतामा बनेको आयोगको प्रतिवेदन सार्वजनिक गर्न माग गर्दै उसले सदनमा अवरूद्ध गरेको छ। सीके राउत मूलधारको राजनीतिमा आएपछि सत्तामा रहेको फोरम र सत्ताबाहिर रहेको राजपाबीच एकताको प्रयास पनि भइरहेको छ। यद्यपी एकताका लागि दुबै दलबीच औपचारिक वार्ता सुरू नभएपनि पत्र आदानप्रदान तीव्र भएको छ। यससँगै राजपाले विभिन्न ९ बुँदे माग राखेर नयाँ वर्षको पूर्वसन्ध्यामा चैत २९ गते विरोश प्रर्दशन गर्दैछ। कैलालीको टीकापुरमा भएको घटनाको मुख्य अभियुक्त रहेका रेशम चौधरीले निर्वाचित भएको १३ महिनापछि पद तथा गोपनियताको सपथ लिए। सपथ लिएलगत्तै जेल गएका चौधरीलाई २२ फागुनमा जिल्ला अदालत कैलालीले जन्मकैदको फैसला सुनायो। जनकपुर बमकाण्डका मुख्य योजनाकार सञ्जय साह टक्लालाई जिल्ला अदालत धनुषाले १४ चैतमा जन्मकैदको फैसला सुनायो। यी र यस्ता घटनाक्रमहरूले यो वर्ष मधेशको राजनीति रोचक र महत्वपूर्ण रहेको छ। तर मधेशले राजनीतिक रूपमा पाउनु पर्ने उपलब्धीहरू अहिलेसम्म पाउन सकेको छैन।

## साताको सात बात



चुनावमा मात्र होइन, आज पनि भन्छु माडीलाई मणि बनाएरै छाड्छु। चुनावका बेलामा यसै ठाउँमा आएर गरेको भाषण तथा चुनावी प्रतिबद्धता बिर्सेको छैन। धैर्य गर्नुहोस् एकदिन प्रचण्डले बोलेको पूरा गरेरै छाड्छ। **पुष्पकमल दाहाल, नेकपा अध्यक्ष तथा पूर्वप्रधानमन्त्री**



८० प्रतिशत जनता गाउँमा बस्छन् तर ८० प्रतिशत डाक्टर सहरमा बस्छन्। गाउँमा डाक्टर नबसेपछि ८० प्रतिशत जनता स्वास्थ्य सेवा लिन सहर दौड्न बाध्य छन्। अब जहाँ बिरामी छन्, त्यहाँ डाक्टर जानुपर्छ, राज्य यसमा कडा ढंगले लाग्छ। **उपेन्द्र यादव, उपप्रधान एंव स्वास्थ्यमन्त्री**



अर्थ मन्त्रालय, गृह मन्त्रालयको अधिकार समेत आफ्नो हातमा लिएर प्रधानमन्त्री ओली आफू सर्वशक्तिमान बन्न खोजिरहनुभएको छ। संविधानको मर्म र भावनाविपरीत काम केन्द्रित भइरहेको छ त्यसलाई हामी सबै मिलेर रोक्नुपर्छ। **प्रकाशमान सिंह, नेता, नेपाली कांग्रेसका**



कम्युनिष्टले संवैधानिक निकाय 'पंगु' बनाउने काम गरेका छन्। कांग्रेस किन बोल्दैन ? आफ्नो विधानअनुसार पार्टी चलाउन नसक्नेले कम्युनिस्टसँग कसरी लड्ने ? **कृष्णप्रसाद सिटौला, पूर्वमहामन्त्री, नेपाली कांग्रेस**



समानुपातिक तवरले आयोजनाको छनोट गर्नुपर्ने, सबै निर्वाचन क्षेत्रलाई केन्द्रित गर्नु जरूरी छ। प्राथमिकता कुन हो, त्यसलाई पहिचान गर्नु जरूरी छ। नागरिकले परिवर्तनको महसुस गर्ने गरी काम हुनुपर्छ। **वर्षमान पुन, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री**



पछि साना मिडियाका लागि पनि छुट्टै व्यवसाय ल्याउनेछ, लडाँइ व्यक्तिसँग हो भन्ने मान्नुहुन्छ भने मेरो भन्नु केही छैन। सरकारले जहिले पनि सिस्टमको वकालत गर्छ। पत्रकारलाई पारिश्रमिक देऊ भन्दा अधिनायकवाद भन्नुहुन्छ भने यो दिउँसै रात पार्ने कुरा हो। **गोकुलप्रसाद बाँस्कोटा, सञ्चार तथा सूचना प्रविधिमन्त्री**



कर्णाली प्रदेशकै माटोमा हुर्किएर कर्णालीमै भएका कारण आरक्षण पाएर सरकारी सेवामा प्रवेश गरेका कर्मचारीले समेत हाम्रो प्रदेश नरोज्नु दुःखदायी हो। कर्णालीलाई निजामती कर्मचारीले नरोज्दा हाम्रो सरकारले जनतामाझ गरेका प्रतिवद्धतामा नै धक्का लाग्न थालेको छ। **नरेश भण्डारी, आन्तरिक मामिला तथा कानुन मन्त्री, कर्णाली प्रदेश**

# 'सयमा पचास' भन्ने नारा अब रहेन !



डी.जे. मैथिल

जुन हिसावले मधेशको राजनीति अगाडी बढ्नु पर्ने थियो, त्यो देखिएनन्। मधेशको माग सहितको अधिकारबादीहरूको धारण विगतमा स्पष्ट रहेको भए तापनि आज आएर दिशा विहीन हुन पुगेको छ। अधिकारवादीहरू सत्ता लिप्तामा तृप्त भइ अधिकारको मागलाई अपव्याख्या गर्दै चोर बाटो तिर पस्न उन्मुख देखिएका छन्। यी कुराले मधेशीहरू चिन्तित मात्रै होइन कि निराश हुन पुगेका छन्। एकातिर भने गैरमधेशीहरू आफु गामा(तागतवर) रहेको अनुभव गर्दै लामो साँस फेर्न पाएका छन्।

'सय मा पचास' को नारा लिएर मधेशका राजनेता गजेन्द्र नारायण सिंहले सदभावना परिषद् अर्थात नेपाल सदभावना पार्टी स्थापना गरी मधेशको माग सहितको विऊ रोपेको इतिहास आफैमा सवल छ। पछि तिनै कुराहरूको परिमार्जन गर्दै उपेन्द्र यादव र महन्थ ठाकुरले चरणवद्ध आन्दोलन गरे। नेपाल सरकार सँग चरणवद्ध वार्ता पनि गरियो। छ-छ महिना सम्म आन्दोलन भयो। सय भन्दा बढी मधेशीहरूको सहादत भयो। सरकारले टाउको र छातीमा गोली ठोके। घर भित्र पसेर खाटमा सुतिरहेको अवस्थामा पनि प्रहरीले निर्ममता पूर्वक गैर आन्दोलन कारीलाई समेत गोली ठोके। आन्दोलनकारी र सरकार दुवैले सीमा भन्दा वाहिर रहेर समेत आ-आफ्नो गैरजिम्मेवारीपन प्रदर्शन गर्न पछि परेनन्। इतिहास मा यी कुरा दर्ज भइसकेको छ।

अहिले मधेशको नेतृत्व गर्ने राष्ट्रिय जनता पार्टी र संघीय समाजवादी फोरम नेपाल, मओवादी सहितको नेपाल कम्युनिष्ट पार्टी सँगै सरकारमा छन्। सहादतको मुल्यमान्यता समेत विर्सेर कता-कता दुवै मधेशीदलहरू दिशा विहीन भएका छन् कि मेरो बुझाइ छ। एक वर्ष विति सकेको छ। वर्ष गाँठ पनि भर्खर यिनीहरूले मनाए। तर प्रदेश नं १ र ५ को कुरा परै जाओस प्रदेश नं २ मा परिवर्तन परिवर्तन आखिर के भयो ? जनताको प्रश्न छ। कि पाँच विघा जमीनमा प्रदेश सरकारले कृषि कार्यमा सुधार भएको दावी गर्न पाऊला ? कि प्रदेश २ मै रहेका अस्पतालहरूमा परिवर्तन भएका छन् ? प्रदेश सरकार ले अस्पताल, डाक्टर र औषधी व्यावसायीहरूको व्यवस्थापन गर्न सकेको तपाईले केही देख्नु भएको छ ? नेपाली नागरिकले के-के राम्रा सुविधाको अनुभूति पएका छन् त ?

परिवर्तन कतै देखिएको छैन। प्रदेश सरकारले के गर्दै छन् ? अस्पतालहरूमा दुर्गन्ध उस्तै छन्। डाक्टरहरू नीजि क्लिनिक मै बस्छन्। विरामीहरू लगायत सर्वसाधारण अस्पताल भित्र रोइ कराई बस्न बाध्य रहेको देखिएको आज पनि छ। हिजो जुन अवस्था थियो त्यो आज पनि यथावत नै छन्।

प्रवेश अन्तर्गत रहेका विश्वविद्यालय तथा कलेजहरू छन्। सरकारी तथा नीजि विद्यालयहरू छन्। तर शिक्षकहश्र कक्षा नलिने, हप्तामा एकै पटक पुगेर सबै हाजिरी गर्ने जुन रवैया थियो आज पनि उही छ। आज पनि कलेज वा विद्यालय विरान झै देखिएका छन्। तर वर्षमा हुने परिक्षामा हजारौं विद्यार्थी र शिक्षकको मिलन हुदो रहेछ। विद्यार्थी भन्छन् शिक्षक छैन र शिक्षक भन्छन् विद्यार्थी आउँदैनन्। के जवाफ सही नै हो त ? आफ्नो जिम्मेवारी बाट पन्छीने दायीत्व वोध न हुने शिक्षक वा प्रशाषकलाई सरकारले के गरेका छन् ? प्रदेश सरकार र स्थानयि सरकार टुलुटुलु हेरेर बसेका छन्। संघीय आखिर किन ल्याइया ? जनताले सहादत किन दिए ? परिवर्तन तपाईले के देख्नु भयो ?

यी दुई वटा उदाहरण मात्र मैले व्यक्त गरेको छु। यस्तै अवस्था हरेक निकायमा देख्न पाइन्छ। नेपाली जनता कतै वाट संतुष्ट रहेको देखिन्न। हिन्दु राष्ट्र भनेर चिनिने नेपाल आज के न के लोभमा फसेर नेपाल धर्म निर्पेक्ष बनेको छ। हिन्दु धर्मवलम्वीहरू वाहुल्य रहदा रहदै यो देश धर्म विहीन बन्न पुगेको छ। सरकार नेतृत्व गर्ने दलहरूले यो निर्णय कसरी गरेको होलान् ? मान्छेको जीवनान धन र धर्म दुई टा पक्ष महत्वपूर्ण हुदो रहेछन्। धर्म साच्चौ नै वेचियो भने 'धन' सो वापत हुनु पर्दथ्यो। देश आजको दिन स्विट्जरलैण्ड जस्तै हुन्थ्यो होला। नेपाली जनता हरेक सँग सुविधासम्पन्न घर गाडी लगायत गास, वास र कपास हुने थियो। तर त्यो पनि नेपाली जनताले अनुभूती पाएनन्। आखिर पाए के त ? त्यसैले राष्ट्रको धन र धर्म दुवै गाभिसकेको अवस्था छ। पुर्खौ पुर्खा देखि हिन्दु संस्कृतिको छाहरीमा जीवन विताइसकेका नेपाली नागरिक आज निकै दुखी छन्। देश चलाउने नेतृत्व वर्ग जनताको भावनालाई कुल्चिदै अगाडी बढेको छन्। जनता चाहे मधेशको होस् या पहाडको सवैले मत दुरूपयोग भयो भनेर पछुताइ रहेका यथार्थ छन्।

देशमा ७७ जिल्ला छन्। ७५% पहाडी क्षेत्र छन्। तर जन आवादी नेपालमा मधेशी र पहाडीको हाराहारी वरावर नै रहेका छन्। अहिले ७ प्रदेश छन्। ६ प्रदेशमा मा के कस्तो छन्, के सुधार र परिवर्तन भएका छन्। त्यो पनि दृष्टि बाहिर छैनन। मैले प्रदेश नं २ कै कुरा प्रष्ठाउन चाहन्छु। आन्दोलनको चर्चित भूमि मधेश नै हो। पीडित बढी मधेशी ने हुन्। आफु मधेशी नै रहेको हुँदा अलिक चिन्ता मधेश प्रति बढी रहेको मेरो अनुभव छ। मैले अरूलाई दोष देखाउनु भन्दा प्रदेश नं २ का मन्त्रीहरू, सरकार के गरेर वसेका छन् ? ल, एउटा स्थानीय निकायको कुरा गरौ। जनकपुरधाम उपमहानगरपलिकामा रहेका अस्पताल, स्कुल, कलेज, यातायात, व्यवसाय, धर्म संख्याहरू व्यवस्थि गर्न सकियो त ? जवाफ आउँछ, कतै केही सुधार वा परिवर्तन भएको छैनन, दुर्भाग्यवस भन्ने पर्छ। नगरप्रमुख, वडाअध्यक्षहरू के गर्दै छन् ? आफ्नो निकाय अन्तर्गतका सार्वजनिक संस्था सुधार गर्न नसक्नु स्थानीय निकायकृ असफलता भएन र ? तपाइको मत खेर गएनन र ? तपाईले के पाऊनु भयो ? हो, देशमा परिवर्तन भनेको एउटा पक्ष हो। यो दल बाट त्यो दल र त्यो दल बाट यो। लामो लामो टाइ र लामा लामा धोतीकुर्ता लगाउने नेताहरू रातारात परिवर्तन गर्ने गर्छन। राजनीतिक परिवर्तन गर्नेहरू यो देशमा पर्याप्त छन्। नेकपा माओवादी का मोहन वैध, नेमकिपाका नारायण मान, कांग्रेसका विमलेन्द्र नीधि बाहेक महन्त ठाकुर, राजेन्द्र राय, रामचन्द्र झा, मातृका यादव, हृदयेश त्रिपाठी लगायत दल र धार वदल्ने नेताहरू छन्। कोही अछुतो रहेनछन्। प्रचण्ड पनि दल बदल्ने नै नेता हुन्। म पनि एउटा सानै तपकाको नेता भए पनि दल बदल्ने मै गर्छु। दल नबदल्ने विरलै छन्। राजनीति सवल पार्न दल वदल्नु कुनै नराम्रो वा अपराध पनि होइन। सोही क्रममा भर्खरै मधेश गढवन्धन का नेता सी.के राउत आफ्नो धार परिवर्तन गर्ने भएका छ। राष्ट्रको मूल धारमा आएका हुन्। विगतका आफ्ना नौटङ्की छोडेर संविधानको पद्धतिलाई स्वीकार्ने पक्षमा उभिनु भएको छ। राउत माथी जनताको नीकै प्रश्न छन्। उनले जवाफ दिनै पर्छ।

मैले मधेश र पहाडबीच विभेदको कुरा मात्र गरेको छैन।

**परिवर्तन कतै देखिएको छैन। प्रदेश सरकारले के गर्दै छन् ? अस्पतालहरूमा दुर्गन्ध उस्तै छन्। डाक्टरहरू नीजि क्लिनिक मै बस्छन्। विरामीहरू लगायत सर्वसाधारण अस्पताल भित्र रोइकराई बस्न बाध्य रहेको देखिएको आज पनि छ। हिजो जुन अवस्था थियो त्यो आज पनि यथावत नै छन्।**

देशलाई समृद्ध बनाउने साच्चिकै सरकार उद्देश्य ओ भने दुई टा पक्ष तत्काल अवलम्वन गर्नु पर्ला। एउटा देशमा राजनीतिक दलहरूले उठाएका कुराहरूको संबोधन गरिनु पर्दछ। एक पटक दुई तिहाइ बहुमत ल्याउदैमा दम्भ गर्नु भन्दा पनि प्रतिपक्ष लगायत सबै दलहरूको कुरा सुनिनु पर्दछ। सबै दललाई उच्च सम्मान गरिनु पर्दछ। दोस्रो कुरा सरकारले वर्ष भरिमा के के काम गर्नु पर्छ त्यसको लिस्ट तयार गरी, कुन काम सकियो, कुन बाँकी छ, कुन काम हुदैछ, त्यसको स्पष्ट जवाफ जनतालाई दिइ रहनु पर्दछ। एक अर्कालाई विभेद गर्ने खालको कुरा बोल्नु हुदैन।

# नयाँ वर्ष र जुडशीतल



सुधा मिश्र

२०७५साल बिदा लिँदैछ भने २०७६ सालको आग्मन भैरहेको छ। २०७६ साल हामी सबैमा सुख, शान्ति र समृद्धि लाओस् भन्ने शुभकामना छ। २०७६ सालमा सम्पूर्ण नेपालीको उत्तरोत्तर प्रगतिको शुभकामना छ। नयाँ साल सुस्वास्थ, दीर्घायु, मित्रता, विश्वास, आस्था र भरोसाको सुवास लिएर आओस् भन्ने कामना छ।

बैशाख संक्रान्तिलाई मधेशमा पर्वको रूपमा मनाइने गरिन्छ। एउटा नयाँ वर्ष र अर्को सतुवाइन भनेर। मधेशका हरेक रितिरिवाज र चाडपर्व प्रकृतिसँग जोडिएको छ। त्यस्तै सतुवाइन पर्वको पनि विशेष नाता प्रकृतिसँग रहेको छ। यो पर्वको दिन मधेशमा सबै जनाले टिकुला (आँपको शुरूवाती स्टेज), चनाको सातु, सख्खरसँग खाने चलन छ। भनिन्छ, यो दिन सातु खानाले आफ्नो कोही शत्रु हुँदैन भन्ने विश्वास रहिआएको छ। शत्रुको नाश हुन्छ। खेतबाट भर्खरै भित्राइएको चनाको सातु बनाएर खाँदा अनुपम संवाद भेटिन्छ। गर्मीमा यसको सेवनले पेटलाई शितलता प्रदान गर्छ र ग्यास फरमेशनमा कमी ल्याउँछ।



**मधेशका हरेक रितिरिवाज र चाडपर्व प्रकृतिसँग जोडिएको छ। त्यस्तै सतुवाइन पर्वको पनि विशेष नाता प्रकृतिसँग रहेको छ।**

सतुवाइनको भोलिपल्टको दिनलाई जुडशितल भनिन्छ। यो पर्वमा घरका बुजुर्गले पुजा घरमा राखेको बाँसी पानी हत्केलामा राखी आफुभन्दा सानोको टाउकोमा राखी जुडाउने चलन छ। जसलाई आशिर्वादको रूपमा लिइन्छ। आफूलाई ठूलाबडाले जुडाएपछि चरण स्पर्श गरी आशिर्वाद लिने गरिन्छ। यस पर्वमा ठूलाबडाले आफन्तको घरमा पुगी समेत जुडाउने गर्छन्।

जुडशीतलको दिन सतुवाइनको राति पकाइएको भात, बडी (विशेष परिकार), सोहिजनमको तरकारी, तरूवा र दही खाने चलन छ। जुडशीतलको बिहान चुलोचौकालाई सफा गरी पुजा गरिन्छ। बिहान यो पर्वमा पानी छ्यापेर एक अर्कोसँग रामाइलो गरिन्छ। होली रंग छ्यापेर खेलिन्छ भने यो पर्व पानी छ्यापेर खेलिन्छ। गर्मीमा चिसो पानी एकले अर्कालाई छ्यापेर खेल्दा अति आनन्दको महसुस हुन्छ। यसरी मधेशमा बैशाख १ गतेलाई सतुवाइन र २ गतेलाई जुडशीतल पर्वको रूपमा मनाइन्छ।

# सत्ताका दलाल नै मधेशी जनताका मुक्तिको बाधक



**मो.रिजवान अन्सारी**

**अध्यक्ष, नेपाल संघीय समाजवादी पार्टी**

केपी ओली र सीके राउत एउटै सिक्काका दुईटा पाटा हुन्। मधेशका आन्दोलनहरू देश विखण्डनका लागि थिएन। नेपालका राजनीतिक नेतृत्वले यो कुरालाई बुझेन। हामीलाई नेपालीसरह व्यवहार गर भन्नका लागि मधेशको आन्दोलन भएको थियो।

**० बारा र पर्सामा हावाहुरीबाट पीडितहरुको राहत, उद्धार तथा पुनर्वासमा तीनै तहका सरकारहरुको भूमिका कस्तो देख्नुहुन्छ ?**

– हावाहुरी प्रभावितहरूको अवस्था एकदमै दयनीय छ। उनीहरूको राहत तथा उद्धार कार्यमा राज्यको उपस्थितिमा कमी देखिएको छ। खासगरी, सशस्त्र प्रहरी, नेपाल प्रहरी र नेपाली सेना परिचालित भएको अवस्था छ। राहतका लागि सरकार तथा गैरसरकारी संस्था, व्यक्तिहरूले पनि तत्कालीन राहत उपलब्ध गराए। घाइतेहरूको उपचार खर्च सरकारले व्यहोर्ने प्रधानमन्त्रीले घोषणा गर्नुभएको छ। तर, ग्राउण्डमा त्यो देखिएको छैन। राहतका नाममा जुन अस्थायी व्यवस्थाहरू गरिएको छ त्यो पर्याप्त छैन। फेरि आँधी बेहरी वा पानी पर्‍यो भने त्यसले धान्न सक्ने अवस्था छैन। अहिले नेपालमा जसरी तीनै तहको सरकार छ र उनीहरूले केही घोषणाहरू गर्नुपर्ने थियो त्यो सन्तोषजनक छैन।

**० सरकारले के-के गर्नुपर्ने हो ?**

– मृतकका परिवारलाई क्षतिपूर्ति त गर्न सक्दैन तर उनीहरूको पीडा अवश्य कम गर्न सकिन्छ। सरकारले मृतकका परिवारलाई कमसेकम प्रति व्यक्ति १०/१५ लाख रूपैयाँ दिनुपर्ने हो। प्रदेश सरकारले ३ लाख दिने घोषणा गरेको छ र केन्द्र सरकारले पनि पाँच लाख दिने कुरा गरेको छ। त्यो पर्याप्त होइन। मृतक परिवारलाई १० देखि १५ लाखसम्म कम्तिमा दिनुपर्ने हाम्रो माग हो। राज्यले आपतकाल घोषणा गरेर राज्यका सम्पूर्ण शक्ति लगाउनुपर्‍यो। राज्य चाहिएको भनेको यस्तै आपतविपद्का बेला न हो। राज्यले अहिले चाहेको भए सम्पूर्णलाई खानपान, बस्ने व्यवस्था गर्न सक्थ्यो। तर, त्यो स्तरमा काम भएको छैन।

**० भनेपछि केन्द्रीय सरकारको प्रभावकारी उपस्थिति देखिएन ?**

– केन्द्रीय सरकारको जुन ढंगको प्रभावकारी उपस्थिति हुनुपर्ने थियो त्यो देखिएको छैन। तर, कामै नभएको होइन। त्यहाँ सरकारका विभिन्न अंगहरू परिचालित छन् तर त्यो मात्रै पर्याप्त होइन। मृतकका परिवारका बच्चाहरूलाई कमसेकम उच्चस्तरीय शिक्षाको व्यवस्था, योग्य जागिर खाने खालका कोही छ भने सरकारी जागिर दिनुपर्ने घोषणा गर्नुपर्दथ्यो। राज्य सम्पूर्ण नेपाली जनताको हो र सबैका लागि बराबर हो भन्ने जुन आभाष राज्यले दिलाउनुपर्ने थियो यसमा चुकिरहेको छ।

**० बेलाबखतमा यस्ता प्राकृतिक विपदाहरु आइरहन्छ तर, त्यसबाट कमभन्दा क्षति हुन दिने, पूर्वतयारी किन देखिँदैन ?**

– यसमा राज्यको ठूलो लगानी हुन्छ। स्थायी रूपमा नै प्राकृतिक विपदा वा संकटहरू आए भने त्यस्ता बेलाका लागि विभिन्न संयन्त्रहरू बनेका छन्। त्यसमा कोषहरू पनि राखिएका छन्। तर, त्यसको प्रभावकारिता देखिँदैन। २०७२ सालमा जसरी महाविनाशकारी भूकम्प आयो त्यसबेला राज्य नै छैन भन्ने आभाष भयो नि। त्यसैले, यस्ता विपदाहरू हाम्रो मुलुकमा भइरहेकै छ। तर, यो विनाशकारी हावाहुरी नेपालका लागि नयाँ घटना थियो। यसले गर्दा नेपालमाथि एउटा नयाँ चुनौती पनि थपियो। त्यसैले, यी सबैका लागि राज्य सक्षम र तयारी अवस्थामा बस्नुपर्छ। त्यसमा कमी कमजोरीहरू देखिएको छ।

**० बारा र पर्सामा गएको हावा हुरीप्रति सरकार उदासीन देखिए तपाईं भन्नुहुन्छ ?**

– म व्यवस्थापिका संसदको सदस्य हुँदा त्यतिबेला सरकारलाई ध्यानाकर्षण गराएको थिएँ कि यदि मधेशमा रहेका नदीनालाहरूलाई वैज्ञानिक तरिकाले नियन्त्रण गरिएन भने मधेशमा मरूभूमीकरण हुन्छ। चुरे जसरी कटानी भइरहेको छ, प्राकृतिक स्रोतहरूको विनाश भइरहेको छ त्यसमा सरकारको संलग्नता छ। यसले आउने केही वर्षमै मधेशलाई मरूभूमीकरण बनाउँछ। कि त यो सरकारले भन्नुपर्‍यो कि मधेशलाई मरूभूमीकरण बनाउने नै योजना बनाएका छौं। आखिर वातावरणसँग खेलवाड गरेरै यस्ता नयाँ प्राकृतिक विपदाहरू आउँछ नै। मानवले वातावरणसँग खेलवाड गर्दा यस्ता नयाँ किसिमका विपत्तिहरू आइरहेका छन्। मधेशमा भएका चारकोसे झाडी समाप्त पारियो।

**० भनेपछि मधेशमाथिको उत्पीडन कायम नै राख्न चाहिएको हो ?**

– मधेशमा धेरै किसिमका उत्पीडनहरू छन्। मधेश कृषि प्रधान ठाउँ हो। कृषिमा यदि बेजोड लगानी गरेको भए हाम्रो देशजस्तो १० वटा देशलाई मधेशले पाल्न सक्थ्यो। तर, जानी-जानी मधेशलाई पछाडि पार्ने कामहरू भयो। त्यहाँ बाटोघाटो बनाइएन। हुलाकी सडककै कुरा गरौं। जति बेला यसको प्रस्ताव भएको थियो त्यतिबेला बनेको भए चारकोसे झाडी पनि नष्ट हुने थिएन। यत्रो विपद नै आउने थिएन। त्यसकारणले सरकारको विभेदपूर्ण नीतिका कारण आज मधेशको यो हालत भइरहेको छ।

**० पृथकतावादी अभियान चलाउँदै आएका डा.सीके राउत नेतृत्वलाई जसरी मूलधारमा ल्याइयो, यसलाई कसरी हेर्नुभएको छ ?**

– मैले पहिला नै भनेको थिएँ कि केपी ओली र सीके राउत एउटै सिक्काका दुईटा पाटा हुन्। सीके राउतजी सुरूदेखि नै मूलधारमा थिए तर उहाँले अलि फरक छु भनेर प्रस्तुत गर्नुभयो। तर, पनि उहाँलाई ल्याइयो यसमा हाम्रो असहमति छैन। हामीले सुरूदेखि नै भन्दै आएका छौं कि हामीलाई पृथक राष्ट्र चाहिएको छैन। हामीलाई देशभित्र अधिकार सम्पन्न प्रदेश, आत्म निर्णयको अधिकार, स्वाभिमान, पहिचान चाहिएको छ। हामी सामाजिक न्याय, समानता र पहिचानसहित स्वाभिमान भएर बाँच्न चाहन्छौं। मधेशका आन्दोलनहरू देश विखण्डनका लागि थिएन। नेपालका राजनीतिक नेतृत्वले यो कुरालाई बुझेन। हामीले नेपाली सरह व्यवहार गर भन्नका लागि मधेशको आन्दोलन भएको थियो।

**० तर, उहाँ मूलधारमा आएपछि अझ पनि आशंकाहरु गरिँदैछ नि ?**

– उहाँलाई अहिले जसरी नाटकीय पाराले प्रस्तुत गरियो, त्यसमा कहीं न कहीं केही कुरा छ। मधेशका लागि दुर्भाग्य के छ भने कि अहिले जुन मधेशमा राजनीतिक नेतृत्व भनिन्छ ती सत्ताका दलालहरू छन्। किनभने मेरो पनि चित्त दुखाइ धेरै भएको छ। मधेशी र उत्पीडित जनतासँग पटक-पटक धोका दिने काम भएको छ। मधेश एउटा शक्तिशाली शक्ति हो जसले देशलाई बलियो बनाउन सक्छ। त्यसकारणले सम्पूर्ण नेपाली जनताको एकता नै नेपालको राष्ट्रियता हो।

**० मधेशकेन्द्रित दलहरुको भूमिका कस्तो देख्नुहुन्छ ?**

– कथित मधेशवादी दलहरूले मधेशको दुखिरहेको भावनालाई आफ्ना स्वार्थपूर्तिका लागि क्यास गर्दै आएका छन्। यिनीहरूले भनेका थिए, अभि नही तो कभी नही, उधारो सम्झौता हुँदैन, संशोधन होइन पुनर्लेखन, आर कि पार लगायतका कुराहरू गरेर मधेशका जनताहरूलाई सडकमा ल्याएर सयौंलाई शहीद बनाएका छन्, अर्बौंको क्षति भएको छ। समुदाय-समुदायबीच एक खालको मनमुटाव पनि बढेको छ। अहिले जनताले सोध्नुपर्ने बेला आएको छ कि पुनर्लेखनको त कुरै छोडौं, संविधानमा एउटा कमा र फुलस्टप पनि परिवर्तन भएको छैन। उपेन्द्र यादवजी उपप्रधानमन्त्री हुनुहुन्छ, यो भन्दा ठूलो धोका मधेशका जनतासँग अरू के हुनसक्छ। जसले भन्दै थिए कि ६० जनाका हत्यारा केपी ओली हुन्, भनेपछि उसलाई प्रधानमन्त्री बनाउन मतदान गर्ने बेलामा कथित मधेशवादीहरूको हात कामेन ? त्यो बेला शहीदहरूको सम्झना आउनुपर्थ्यो। आज समर्थन फिर्ता लिने भन्छन्, समर्थन के का लागि गरेका थिए त ? के उनीहरू अदूरदर्शी हुन्, के उनीहरूलाई यो मुलुकको राजनीतिको बारेमा केही पनि थाहा छैन ? उनीहरूलाई थाहा थिएन कि केपी ओलीले केही गर्दैन भनेर ? यस्ता धोकेबाजहरू, सत्ताका दलालहरूले नै मधेशी जनताका मुक्तिका बाधक हुन्।

**० के मधेशको आन्दोलन सकिएकै हो त ? अबको बाटो के त ?**

– मधेशको आन्दोलन सकिएको छैन। मधेशको आन्दोलन यो देशको आन्दोलन हो। मधेशको मुक्ति भनेको यो देशको मुक्ति हो। त्यसकारणले नेपालमा उत्पीडित जनता रहेसम्म उत्पीडित जनताको आन्दोलन सकिनेवाला छैन। नेपाली उत्पीडित जनताको आन्दोलन पुनर्गठित हुन्छ। अब नयाँ लहर र जोसजाँगरका साथ नयाँ नेतृत्व, नयाँ पार्टी र नयाँ मोर्चा बनेर हामी अगाडि आउँछौं।

**० भनेपछि, नेपालमा अब नयाँ वैकल्पिक शक्ति आउँदैछ ?**

– निश्चितरूपमा। यो मुलुकमा कांग्रेस, कम्युनिष्ट र कथित मधेशवादीहरूको शासन सत्तामा नेपाली जनताले के पाए त ? आर्थिक अवस्थामा नेपाल कहाँ पुग्यो, भ्रष्टाचारको नियन्त्रण कहाँसम्म भयो, बेरोजगारी कतिसम्म समाप्त भयो, सुशासनको आभाष नेपाली जनताले गर्न पाए कि पाएनन्, समृद्धि कहाँसम्म पुग्यो ? यी सबै क्षेत्रमा हेर्ने हो भने यिनीहरूको शासनकालमा नेपाली जनता र राष्ट्र पछाडि परेको अवस्था छ। हामी संसारमा भ्रष्टाचारी मुलुकको नागरिकको रूपमा चिनिन्छौं। त्यसैले, अब हामीले वैकल्पिक बाटो खोजी गरेर अगाडि बढ्नुपर्छ। राजनीतिक दासताभन्दा माथि उठ्नुपर्छ।

> मधेशको आन्दोलन सकिएको छैन। मधेशको आन्दोलन यो देशको आन्दोलन हो। मधेशको मुक्ति भनेको यो देशको मुक्ति हो।

# नागरिकता सवालमा मधेशीलाई विदेशी देख्ने तत्व सक्रिय

यसले नकारात्मक प्रभाव पारेको छ। नागरिकता पाउन भर्खर सुरू गरेको थियो तर सर्वोच्चले रोक लगाएपछि उनीहरू निराश भएका छन्। यसले आफ्नै देशप्रति असन्तुष्टि पैदा गरेर नेपाली राष्ट्रियताको जग झन् कमजोर पार्छ। यो कुरा स्वघोषित राष्ट्रवादीहरूले बुझिदिएन।



**दीपेन्द्र झा**

**मुख्यन्यायाधिवक्ता, प्रदेश २**

**० गृह मन्त्रालयले जन्मका आधारमा नागरिकता पाएका नागरिकका सन्तानलाई वंशजको नागरिकता दिनु भनी गरेको आदेशलाई सर्वोच्च अदालतले रोक लगाएको छ, त्यसलाई कसरी हेर्नुहुन्छ ?**

–संविधानको धारा ११ (३) बमोजिम र सर्वोच्च अदालतकै परमादेश बमोजिम जन्मसिद्धका सन्तानलाई वंशजको नागरिक दिनु भनेर गृह मन्त्रालयले ७७ वटै जिल्लामा सर्कुलर गरेको थियो। अहिले सर्वोच्चले आफ्नै आदेशलाई उल्टाएको अवस्था देखिन्छ। तर, अहिले नै उल्टिहाल्यो भन्ने पनि होइन। यो अन्तर्कालीन आदेश हो। अन्तरिक आदेशका लागि ३ गतेको समय तोकिएको छ। मलाई लाग्छ ३ गतेपछि त्यो अन्तर्कालीन आदेश रहँदैन।

**० भनेपछि, ३ गतेपछि पुनः नागरिकता वितरण हुन्छ ?**

– म आशावादी छु। त्यसमा खासै विवादका विषय छैन। किनकि संविधानको धारा ११ (३) ले भनेको छ, बुवाआम दुबैसँग नागरिकता छ भने सन्तानलाई वंशजको नागरिकता दिइने छ। अब संसारका कुनै पनि कानूनले बुवाआमाको नागरिकता भइसकेपछि सन्तानले नागरिकता पाउँदैन भनेर त भन्न सक्दैन। पाउने हक पनि हुन्छ। कानूनबमोजिम दिनु भनेर धारा ११ (३) मा उल्लेख गरेको छैन। भनेपछि पूर्ण अधिकार अँगीकार गरेको छ संविधानले। त्यसकारण त्यसलाई रोक्ने अवस्था छैन।

**० गृह मन्त्रालयले सर्कुलर जारी गरिसकेपछि सर्वोच्च किन रोक लगाएको होला ?**

– सर्वोच्च अदालतको यो रोक अन्तर्कालीन मात्रै हो। संसदमा विधेयक छ, कानून बनेको छैन। के हो विषयवस्तु, दुवै पक्ष पक्षको कुरा सुनौं भनेर त्यो अन्तर्कालीन दिएको हो। त्यो अन्तर्कालीन नदिँदा पनि हुन्थ्यो। तर, दिएको छ, सर्वोच्चले दिएपछि त्यसको सम्मान त हामीले गर्नै पर्‍यो। तर, ३ गतेदेखि त्यो अन्तर्कालीन आदेशले निरन्तरता पाउँदैन भन्ने आशा गरौं।

**० नागरिकताको सवालमा सरकार र न्यायालयबीच किन कुरा मिलिरहेको हुँदैन ?**

– यहाँ एक थरि मान्छेले नागरिकताको मुद्दालाई जसरी पनि बल्झाइराख्ने भन्ने दाउले लागेकै हुन्। यसमा आफूलाई राष्ट्रवादी भन्ने केही मान्छेहरू छन् जसले नेपाली राष्ट्रियतालाई कमजोर गर्ने मनसायका साथ लागेका छन्। महिलालाई वंश न स्वीकार गर्ने, मधेशका अनुहार स्वीकार नगर्ने, मधेशीलाई भारतीय देख्ने लगायत संकीर्ण धार एउटा छ। त्यो धार जहिले पनि सक्रिय भएर आफ्नो राजनीतिक उद्देश्य पूर्तिका लागि जनतालाई भ्रमित गर्ने र गलत अफवाह फैलाउने हिसावले बारम्बार विवाद खडा गरिरहेका छन्। त्यसमा केही मिडिया, केही कर्मचारीतन्त्र, केही कानून व्यवसायी लगायत केही समूह सक्रिय देखिएका छन्। त्यही समूहको यो काम हो।

**० नागरिकको मुद्दा उठ्दा मधेशीलाई नै किन शंकाको नजरले हेर्ने गरिन्छ ?**

– यो मधेशीको मात्रै समस्या होइन। जन्मसिद्ध नागरिकता लिएको तथ्यांक हेर्ने हो भने एक लाख ७० हजार ४० मा ६०-७० प्रतिशत पहाडमा वितरण भएको छ। सबभन्दा बढी जन्मसिद्ध नागरिकता वितरण भएको जिल्ला झापा हो। त्यसकारणले, संघर्ष मधेशीले गर्छ तर त्यसको प्रतिफल पूरा देशका नागरिकले पाउँछन्। समस्या सबैतिर छ, तर त्यसको उजागर मधेशले मात्रै गर्छ। संघर्ष मधेशले गर्छ तर निकास पूरै देशले पाउँछ।

**० नेकपाका एक जना नेताले युपी विहारका आधा जनसंख्यासँग नेपालको नागरिकता रहेको भनेका छन्, यसलाई कसरी लिने ?**

– जसले यस्ता कुरा गरेका छन्, उसको बुझाइ नै गलत छ। उसले राम्ररी अध्ययन गरेका छैनन्। उ भ्रममा छ, राजनीति बुझेको छैन। मधेश र देश बुझेको छैन। अब कागले कान लग्यो भन्दैमा कागको पछाडि दौडेर हुँदैन। त्यस्ता नेताको बुद्धिसुद्धि नभएकोले त्यस्ताको पछाडि लागेर हुँदैन।

**० नागरिकता विवादको दीर्घकालीन समाधान के देख्नुहुन्छ ?**

– यसको दीर्घकालीन समाधान के हो भने संविधानले जे व्यवस्था गरेको छ, त्यसअनुसार यथाशीघ्र कानून बनाइनुपर्छ। त्यो कानून बनाएर अहिले पास गरिदिएको भए त्यस्तो समस्या देखिँदैन्थ्यो। नागरिकता सम्बन्धी विधेयक बनाएर सहज तरिकाले नागरिकता दिने र कुनै पनि बाहिरी मान्छे नलिओस् भनेर प्रशासनलाई सचेत गराउनुपर्छ। कानून र संविधानको बीचमा अड्चन खडा नगर्नु नै यसको दीर्घकालीन समाधान हो।

**० नागरिकता पाउने आशमा बसिरहेका नागरिकहरुप्रति जसरी यस्ता विवादहरु आउँछन्, त्यसपछि उनीहरुलाई कस्तो प्रभाव पर्छ ?**

– यसले नकारात्मक प्रभाव पारेको छ। नागरिकता पाउन भर्खर सुरू गरेको थियो तर सर्वोच्चले रोक लगाएपछि उनीहरू निराश भएका छन्। यसले आफ्नै देशप्रति असन्तुष्टि पैदा गरेर नेपाली राष्ट्रियताको जग झन् कमजोर पार्छ। यो कुरा स्वघोषित राष्ट्रवादीहरूले बुझिदिएन। त्यो कुरा उनीहरूलाई बुझाउनुपर्छ।

**० गैरनेपालीहरुले पनि नागरिकता लिने गरेका घटनाहरु पनि छन् नि ?**

– त्यो त प्रशासनिक त्रुटि हो नि। प्रशासनिक त्रुटिलाई देखाएर संविधान र कानूनमा गलत लेख्न मिल्दैन नि। प्रशासनिक त्रुटिलाई सच्याउनुपर्छ। त्यसलाई नियन्त्रण गर्नुपर्छ।

**० गैरनेपालीले नागरिकता लिए भने उसलाई कारबाही हुन्छ तर जुन अधिकारीले दिन्छ उसलाई किन कारबाही हुँदैन ?**

– दुबैलाई कारबाही गर्ने गरी कानून बनाउनुपर्छ।

**० तर, अहिलेसम्म त्यस्तो देखिँदैन ?**

– अहिले कानून बन्ने क्रममा छ। त्यो कानून बनिसकेपछि कारबाही हुन्छ।

**० नेपाली नागरिकता लिने नेपाली भाषी विदेशीहरु पनि छन्, जस्तै दार्जिलिङ्ग, सिक्किम, भुटानका नागरिकहरुले पनि नेपाली नागरिकता लिएका हुन्छन्। यो विषयमा किन चर्चा हुँदैन ?**

– त्यो कुरा आउँदैनन्। किनकि यसका धेरै कारणहरू छन्। दुर्गम पहाडी जिल्लामा गएर कतिपयले नागरिकता लिन्छन्। तिनीहरूको संस्कृति मिलेपछि विवाद पनि हुँदैन। अर्को कुरा मधेशीलाई हेर्ने दृष्टिकोणमा अहिले पनि परिवर्तन हुन नसकेको कारणले मधेशका बारेमा मात्रै यस्ता कुराहरू आइरहेको भन्न सकिन्छ।

**० नागरिकताविहीन नेपालीहरुले नागरिकता पाउन कतिको सजिलो छ ?**

– गृह मन्त्रालयको सर्कुलरपछि मोरङ, सुनसरी, झापा लगायत केही जिल्लाहरूमा दिन सुरू गरेको थियो। अन्तरिम आदेशपछि फेरि खुल्छ। त्यसपछि नागरिकताविहीन नेपाली नागरिकले सजिलै नागरिकता पाउनेछन्।

**० अब फरक प्रसंग, बारा र पर्सामा आएको विनाशकारी हावाहुरी (टोर्नाडो) पीडितहरुको अवस्था कस्तो छ ?**

– हावाहुरी पीडितलाई राहका सामग्रीहरू पुगिसकेको छ। घाइतेहरूको उपचार पनि भइरहेको छ र कतिपयले स्वास्थ्यलाभ गरेर फर्किसकेका छन्। अब पुनर्स्थापनाका लागि सरकारले निर्णय पनि गरिसकेको छ। घरवारविहीन भएकाहरूको घर प्रदेश सरकारले बनाइदिने घोषणा गरिसकेको छ। त्यसका लागि अहिले तथ्यांक संलकन हुँदैछ। त्यसको प्रक्रिया पनि सुरू भइसकेको छ। चाँडै नै प्रदेश सरकारले पीडितहरूको घर बनाइदिन्छ।

**० केन्द्र सरकारले के गर्नेछ ?**

– केन्द्र सरकारले पनि घर बनाइदिने भनेको छ। अहिले पनि नेपाली सेनाले अस्थायी टहराहरू निर्माण गरिरहेको छ। केन्द्र सरकारले सुरू गर्‍यो भने मुख्य ठाउँहरूमा नेपाली सेनाले बनाउँछ। केही ठाउँमा प्रदेश सरकारले पनि गर्छ। यसमा प्रदेश र केन्द्र सरकारबीच राम्रो सहकार्य भइरहेको छ। दुइटै सरकार मिलेर गरिरहँदा अहिले राहत र उद्धार कार्य सजिलो तरिकाले भएको हो।

**० प्रदेश सरकारले नाम र स्थायी राजधानी किन टुंगो लगाउन नसकेको होला ?**

– अब छिट्टै नै प्रदेशको नाम र राजधानी टुंगो लाग्छ। त्यसका लागि एउटा आयोग बनेको थियो त्यो आयोगले आफ्नो प्रतिवेदन पनि बुझाइसकेको छ। त्यसमा छलफल भइरहेको छ। नाम र राजधानीका लागि सहमति जुटाउनुपर्छ। प्रदेशसभाको दुई तिहाइ चाहिन्छ। यो सरकारसँग दुई तिहाइ छैन। त्यसका लागि अन्य दलहरूले सहयोग गर्नुपर्ने हुन्छ। त्यसैले प्रक्रियामा छ।

**० आयोगले दिएको प्रतिवेदनअनुसार सरकारले नाम र राजधानी तोक्न सक्छ ?**

– सरकारले होइन, प्रदेश संसदले निर्णय गर्ने हो।

**० प्रदेशसभाले नै निर्णय गर्ने हो भने आयोग किन चाहियो ?**

– जनताको विचार बुझ्नका लागि आयोग गठन भएको थियो। लोकतन्त्रमा जनताको भावना बुझ्नुपर्छ। संसदभन्दा बाहिरका बुद्धिजीवी, नागरिक समाज, आम जनताको धारणा के हो त्यो पनि बुझ्नुपर्छ।

**० सांसदहरु पनि त जनताकै प्रतिनिधि हुन् नि ?**

– सांसदहरू जनताका प्रतिनिधि त हो, यसमा कुनै शंका छैन। तर, त्यो बाहेकका विचारहरू पनि लिनुपर्छ। यो छलफललाई अनावश्यक भन्न मिल्दैन।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

> यो मधेशीको मात्रै समस्या होइन। जन्मसिद्ध नागरिकता लिएको तथ्यांक हेर्ने हो भने ६०-७० प्रतिशत पहाडमा वितरण भएको छ।

# पितृसत्तात्मक मानसिकताले पिरोलिनु पर्ने बाध्यता

मेरो नाम अम्बिका कुमारी यादव, जन्मघर सर्लाही जिल्लाको मलंगवा नगरपालिका वडा नम्बर ७ टोल मुसैली भई ससुराली घर रौतहटको राजदेवी नगरपालिका वडा नम्बर १ पथरामा पर्छ।

म महिला भएर पनि संघर्ष गरी उच्च शिक्षा हासिल गरेकी छु। २०४८ साल आषाढ ११ मा जन्म भएको र २२ वर्षपछि सामाजिक परम्परा अनुसार मागि वैवाहिक सम्बन्धमा २०७२ साल बैशाख २७ गते बाँधिएँ। राम पुकार राय यादवको छोरा पंकज कुमार यादव सित विवाह भई वैवाहिक जीवनको शुभारम्भ गरेँ।

विवाहपछि जीवन सुखमय बित्ने भनी मनमा आशा गरेका थिएँ। तर सोचे जस्तो भएन। एउटै आमाको कोखबाट जन्मिने छोरा र छोरीको भाग्य विधाताले फरक फरक निर्धारण गरेको हुन्छ। छोरा राम्रो विद्यालयमा अध्ययन गर्न जान्छ भने छोरी सामाजिक परम्परालाई अपनाएर घरको काम काजमै सीमित भइन्छ।

जन्मदेखि विभेद हिंसाको शिकार हुँदै आएकी महिला माइतीबाट ससुराल जाँदा झन् पीडामा पर्छिन्। आफ्नो मानव अधिकार, स्वतन्त्रता, मौलिक हक् हुँदाहुँदै पनि पितृसत्तात्मक सोच मानसिकताले पिरोलिनु परेको महिलाको बाध्यता हो। संविधानले दिएको हक् अधिकारको प्रयोग गर्दा ससुराली पक्षका व्यक्तिसित चरित्रहीन भएको संज्ञा पाइन्छ।

३ वर्ष मेरो विवाहको भयो। १ वर्षसम्म नयाँ बेहुलीको भूमिकामा घरमा थुनेर बस्नु पर्‍यो भने २ वर्षको अवधि कुटाई खाएर घर बाहिर बस्नु पर्‍यो। पहिलो सन्तानको रूपमा छोरा पाएँ। छोरा २ वर्षको भयो। दोस्रो गर्भ २ महिनाको हुँदा श्रीमानले सम्बन्ध विच्छेदको मुद्दा हालेर घर बाहिर गरिदिए।

घरमा सँगै बस्दा गर्भ बोकाउने लोग्नेले सम्बन्ध विच्छेद मुद्दा हाल्यो र ससुरा रामपुकार यादव, सासु जयलस देवी, ननद रविता यादवले मरणासन्न हुने गरी कुटपिट गरे। गर्भपतन गराउन दबाब पनि दिए उनीहरूले पाठेघरमा प्रहार पनि गरे। ४ लाख बैंक मार्फत तथा ३ लाख नगद गरी सात लाख दाइजो लिएर छोरो बिक्री गर्ने ससुराले म माथि अमानवीय व्यवहार गरे।

घरको १८ घण्टा काम गर्ने महिलालाई उपभोगको बस्तु बुझ्ने र दमन, हिंसा, मारपीट, दासत्व सम्झने परम्पराको अन्त कहिले हुने ? लोग्ने मानिसले जे पनि गरे हुने तर स्वास्नी मानिस जोरले बोल्न नहुने सामाजिक कुरीति कहिलेसम्म ? जन्म दिन आमा बुआले पालन पोषण शिक्षा दीक्षा दिए पनि मनचाहा ढंगबाट दाइजो दिने लिने रिवाज कहिलेसम्म कायम रहने ? यी सामाजिक कुसंस्कारको अंत नभएसम्म महिला सुरक्षित, स्वतन्त्र नहुने मेरो निष्कर्ष रहेको छ।

> आफूमाथि भएको अन्याय, अत्याचारका लागि न्यायालय, प्रहरी समक्ष जाँदा पनि कोही सहयोग नगरी पीडकको पक्षमा लागेको देखेर दुःख लाग्यो, महिला भएर किन जन्मिए। पुरूषले सधैं महिलालाई अत्याचार, हिंसा गरे पुग्दो रहेको छ भने हक् अधिकारको आवाज उठाउँदा चरित्रहिन, परपुरूषसित अवैध सम्बन्ध राखेको गम्भीर आरोप सहन गर्नु पर्छ।

रक्सी सेवन गरेर आउने लोग्नेले स्वास्नीलाई पशु जस्तो कुटपिट गर्नु जायज हो ? मजदूर जस्तो सबैको सेवा सुसार गर्ने जिम्मा मात्र बुहारीले पालन गर्ने ? यस्ता विषय अहिलेको अवस्थामा गम्भीर र चुनौतीपूर्ण रहेको छ। सासु कसैको बुहारी भएर बसेको होलिन् उ पनि अरूको घरबाट आएकी छिन्, आफ्नो कोखबाट जन्मेकी छोरी पनि कसैको बुहारी श्रीमती भएर जाने छिन् यो सामाजिक नियम हो तर सासुले बुहारीलाई नौकर भएर आएकी बुझ्नु विडम्वना रहेको छ।

आफूमाथि भएको अन्याय, अत्याचारका लागि न्यायालय, प्रहरी समक्ष जाँदा पनि कोही सहयोग नगरी पीडकको पक्षमा लागेको देखेर दुःख लाग्यो, महिला भएर किन जन्मिए। पुरूषले सधैं महिलालाई अत्याचार, हिंसा गरे पुग्दो रहेको छ भने हक् अधिकारको आवाज उठाउँदा चरित्रहिन, परपुरूषसित अवैध सम्बन्ध राखेको गंभीर आरोप सहन गर्नु पर्छ।

कानूनले प्रत्येक व्यक्ति जीवन बिताउने स्वतन्त्र अधिकार हुने भनेको छ भने परेको बखत आवाज उठाउँदा कोही नसुन्ने। केहि नभए गरे पनि विभिन्न किसिमका आरोप लगाएर हत्या गरिने महिला नै हुन्छ। रौतहट जिल्ला अदालतबाट किटान गरी चाहिने आधारभूत सामान, स्वास्थ्य उपचार गरिनु पर्छ, बास बस्ने व्यवस्था गर्नुपर्ने आदेश दिँदा पनि कार्यान्वयन गर्न प्रहरी कार्यालय जाँदा प्रहरीले कुनै वास्ता गरेन। खाना पकाउनलाई ससुराबाट ग्यास सिलिन्डर, चुल्हा, भाडा वर्तन माग्दा प्रहरी समक्ष दिन इन्कार गरेका छन्।

उजुरी शाखामा रहेका प्रहरी नायव निरीक्षक परमानन्द यादवले बिल पेश छैन, अदालतले किटान गरी समान उल्लेख नगरेकोले हामी दिलाउन सक्दैन भनी जवाफ दिए।

हत्या, बलात्कार, महिला हिंसा, मानसिक, शारीरिक, आर्थिक रूपमा यातना महिलालाई नै दिइन्छ। पीडक राजनीतिक संरक्षणमा खुल्लेयाम घमिरहेका हुन्छन्।

पीडित, प्रहरी, सामाजिक अगुवा, महिला अधिकारकर्मीको अघि पछि चक्कर लगाइरहेको हुन्छ तर न्याय पाउन सकिदैन। तराईमा दाइजो प्रथाको कारन तथा पीड़क माथि कार्यवाही नहुँदा महिला माथि हुने दमन, हिंसा बढ्दै गएको छ।



**अम्बिका यादव**
राजदेवी नपा १, रौतहट

पढेलेखेको महिला भएर पनि न्यायका लागि भौतारिरहेको छु भने निरक्षर महिलाको जीवन कस्तो कस्टकर होला भनी कल्पना गर्न सकिन्छ। नेपाल सरकारले बनाएको कानूनलाई कार्यान्वयन गर्ने निकायले प्रभावकारी ढंगबाट लागू नगरेको कारण दिनहुँ महिलाहरू आक्रमणको शिकार भैरहेका छन्। नेताहरूले दाइजो लिनु हुँदैन भन्दा पनि दाइजो लिने उच्च स्थानमा रहेका छन्।

छोरालाई बस्तुको जस्तो मोलतोल गरी बिक्री गर्ने केटा पक्षले बुहारीलाई कुटपिट गरी अमानवीय व्यवहार गर्दा कार्यवाही गर्ने कोही हुँदैन। मधेशमा दिनप्रति दिन महिला हिंसाको घटना वृद्धि हुनुमा दाइजो प्रथा कारक हुन्। ममाथि दाइजोको निहुमा गरेको हिंसा दुःखद र निन्दनीय रहेको छ।

जिल्ला प्रहरी कार्यालयले पीडकलाई कार्यवाही गर्नुको साटो मिलापत्र गर्न दबाब दिनु कानून विपरीत तथा अपराध गर्नेको मनोबल बढाउने कार्य रहेकोले यस्तो कार्यको न्यूनीकरण गरी कार्यवाही तर्फ अग्रसर हुनु पर्दछ। महिला हिंसा दमन सहने होइन पुरूषसरह स्वतन्त्र जीवन बिताउने वातावरण हुनु पर्छ। महिलालाइ आफ्नो मर्यादामा बस्नु पर्छ भन्ने पुरूषलाई पनि नारीको सम्मान दिनुको साथै अधिकारको संरक्षण गर्नु कर्तव्य हो।

नारी शक्ति हुन, नारी आमा, दीदी, बहिनी, हजूर आमा, श्रीमती पनि हुन्। नारीको जहाँ मान सम्मान हुँदैन भने त्यहाँ ईश्वरको बास र विकास सम्भव छैन।

## अवकाश प्राप्त र कार्यरत शिक्षकलाई औषधि उपचार दिन माग



काठमाडौं। अस्थायी शिक्षकहरूलाई राज्यले उपेक्षा गरेको आरोप अस्थायी शिक्षक आन्दोलन केन्द्रीय समितिले लगाएको छ। समितिले राज्यबाट पेशाकर्मी शिक्षकलाई सरकारबाट उचित सम्मान नपाएको गुनासो गरेको हो। समितिले मंगलबार मधेश मिडिया हाउसमा पत्रकार सम्मेलनको आयोजना गरी वि.सं. २०५५ सालदेखि उठाउँदै आएको आवाज "आन्तरिक परीक्षा दिन पाउने' व्यवस्था प्राप्त भएको तर अन्य सुविधाहरू नपाएको गुनासो गरेको छ। पत्रकार सम्मेलनमा समितिका अध्यक्ष निरेन्द्र कुँवरले यो देशमा काम गर्ने विदेशी नागरिकसमेतले उपदान, औषधि उपचारसमेतको सुविधा पाउने तर यही देशका नागरिकले पाउन नसकेको गुनासो गरेका हुन्। उनले भने, 'विदेशी नागरिक यो देशमा शिक्षण पेशामा आबद्ध हुँदा विभिन्न सेवा सुविधा पाउने तर, हामी यही देशका नागरिकले आफ्ना सेवा सुविधा पाउन विदेश जानुपर्ने ?' उनी आक्रोश पोख्दै भने, 'हामीले २०५५ सालदेखि सरकारलाई दबाब दिँदा पनि सुनेन अब पनि सुनिएन भने कडा प्रतिरोध गर्नेछौं।' 'हामीले उठाएका विषयहरू उमेर हदको कारणले अवकाश प्राप्त र कार्यरत शिक्षकलाई औषधि उपचार, सम्पूर्ण अस्थायी सेवा अवधि स्थायी सेवामा गणना, परीक्षा दिन चाहनेका लागि परीक्षा दिन पाउने व्यवस्था अहिलेका हाम्रा आवाजहरू हुन्।' कुँवरले पत्रकार सम्मेलनमार्फत यस्ता मागहरू राखेका छन्। पत्रकार सम्मेलनमा वितरण गरिएको प्रेस विज्ञप्तिमा भनिएको छ, 'अस्थायी शिक्षकले गरेको सम्पूर्ण अस्थायी सेवाको उपदानसहित औषधि उपचारको सुविधा २०६३ पुस १४ गते पछि उमेर हद, मृत्यु आदि कारणले अवकाश भएका र हाल सुविधा रोजेका शिक्षकसमेतलाई दिनुपर्छ।' 'आफ्नो योग्यता देखाउन परीक्षामा सम्मिलित हुन नदिनु अहिलेसम्म गरेको योगदानको अपमान हो। कार्यरत अस्थायी शिक्षकलाई विभिन्न बहानामा हटाइ त्यसको सट्टामा अर्को अस्थायी शिक्षक नियुक्ति गर्नु घोर अन्याय हो। अतः यो समिति के विषयमा स्पष्ट छ भने शिक्षक कार्यरत् दरबन्दीको विज्ञापन हुँदा कार्यरत् शिक्षकले सेवा अवधि नटुट्ने गरी परीक्षामा सहभागी चाहेमा परीक्षा दिन पाउनुपर्छ' विज्ञप्तिमा भनिएको छ।

## कथा संग्रह 'मरीचिका' सार्वजनिक



काठमाडौं। साहित्यकार महेश थापाद्वारा लिखित कथा सङ्ग्रह 'मरीचिका' सार्वजनिक भएको छ। प्रधानमन्त्री निवास बालुवाटारमा प्रधानमन्त्री केपी शर्मा ओलीले थापाद्वारा लिखित कथा सङ्ग्रह 'मरिचिका' एक समारोहकाबिच विमोचन गरेका हुन्। प्रधानमन्त्री निवास बालुवाटारमा नेकपा महासचिव विष्णु पौडेलसमेतको उपस्थितिमा पुस्तक विमोचन गरिएको हो। 'शारीरिक रूपलेआफैं अप्ठ्यारो स्थितिमा रहेका थापाले नेपाली साहित्यमा ठूलो योगदान गरेको भन्दै प्रशंसा गरेका थिए। ओली भने, 'महेशजीबाट धेरैले प्रेरणा लिन सकिन्छ। उहाँले देशलाई गर्न सक्ने योगदान लेखेर मात्र हो। अरू सशक्त अवस्थामा रहेकाहरूले उहाँबाट पाठ सिकेर देश निर्माणमा लाग्नुपर्छ।' प्रधानमन्त्री ओलीले आफूले सङ्ग्रह भित्र संरहित केही कथा पढ्दा र ती कथाहरूमा मानवीय संवेदनाको सजीव चित्रण, साहित्यिक चेत निकै राम्रो सुन्दर र पुरानै चिनजानको, कतै देखिरहेको, भेटिरहेको जस्तालाग्ने सजीव पात्रहरू पाएको बताए।

कथामाथि टिप्पणी गर्दै वरिष्ठ साहित्यकार तथा प्रज्ञापरिषद् सदस्य माया ठकुरीले भनिन्, 'महेशका कथाहरू अब्बल छन्। यो स्तरको कथा मैले लेख्न सक्दिनँन।' कृतिमाथि समिक्षकीय मन्तव्य राख्दै लेखक एवम् पत्रकार अभय श्रेष्ठले कथाहरू नेपालको परम्परागत धारका रहेको र शब्द तथा भाषासँगमा पनि निकै उत्कृष्ठ रहेको बताए। कार्यक्रममा कवि तथा लेखक डा. सरोज धितालले शुभकामना मन्तव्य व्यक्त गरेका थिए। लेखक थापा विगत सोह्र वर्षदेखि 'मोटर न्युरोन डिजिज' नामक रोगबाट पीडित छन्। हाल पूर्णअशक्त, अपांगताको अवस्थामा रहेका थापाको बोलीसमेत प्रष्ट छैन। आंशिक रूपमा चल्ने दाहिने हातको दुईऔंलाले कम्प्युटर माउसमा क्लिक गर्दै अनस्क्रिन किबोर्डको सहायताद्वारा उनले लेखन कर्मलाई निरन्तरता दिइरहेका छन्।

व्यङ्ग्यकारका रूपमा स्थापित थापाको यसअघि 'अल्पविराम' आत्मकथा 'रनमोनम' व्यङ्ग्य सङ्ग्रह प्रकाशित छन्। थापाको लिखित मन्तव्य उनकी श्रीमती निशा शर्माले वाचन गरेर सुनाएकी थिइन्।

## मधेश अपडेट

### फोरमले सर्वोच्चको निर्णय जलायो

वीरगंज। सर्वोच्च अदालतले जन्मसिद्ध नागरिकका सन्तानलाई वंशजको नागरिकता दिन गृह मन्त्रालयको परिपत्रलाई कार्यान्वयन नगर्न जारी गरेको आदेशको विरोध गर्दै संघीय समाजवादी फोरम नेपाल पर्साले वीरगंजमा प्रदर्शन गरेको छ। फोरम नेपाल पर्साको महानगर कमीटीले सर्वोच्च अदालतको निर्णय मधेश विरोधी भएको भन्दै सर्वोच्चले जारी गरेको आदेश पत्रको निर्णय प्रति समेत जलाएको हो। महानगर अध्यक्ष इश्वर यादवको नेतृत्वमा रहेको विधार्थीहरूको समूहले वीरगंजको घण्टाघरमा सर्वोच्च अदालतको निर्णय विरूद्ध प्रदर्शन गरेका थिए। प्रदर्शनका क्रममा युवाहरूले सर्वोच्च अदालतको निर्णय तत्काल सच्याउन माग गरेका थिए। महानगर अध्यक्ष इश्वर यादवले नेपालको कानून बुझी नसक्नु भएको प्रतिक्रिया दिएका छन्। अध्यक्ष यादवले एकातिर सर्वोच्च अदालतकै निर्णयबाट नै जन्मसिद्ध नागरिकका सन्तानलाई वंशजको आधारमा जिल्ला प्रशासनले नागरिकता वितरण गरिरहेको बेला पुनः सर्वोच्च अदालतद्वारा नै कार्यान्वयन नगर्न जारी गरेको आदेशले सर्वोच्च अदालतले दोहोरो चरित्र देखाएको आरोप लगाए।

### जनमत पार्टीको कार्यालय स्थापना

श्याम सुन्दर सुतिहार, विराटनगर। डा.सीके राउत नेतृत्वको जनमत पार्टीको कार्यालय विराटनगरको हाटखोलामा स्थापना गरिएको छ। पार्टी कार्यालयको रिवन काटेर डा. परमेश्वर मुर्मुले जनमत पार्टी कार्यालयको उद्घाटन गरेका थिए। पार्टी उद्घाटन समारोहलाई सम्बोधन गर्दै मुर्मुले भने, 'नेपाल सरकारलाई हामी घुडा टेकाएका छौ। मधेशीको अधिकारको लागि, मधेशी भूमिको लागि, मधेश देशको लागि अब हामी खुला रूपमा जनताको घर-घरमा गई मधेशको मुद्दाको बारेमा चर्चा गर्न पाउँछौ।' 'आफ्नो मुद्दालाई जनता समक्ष पुर्‍याउँछौ। अन्ततः हाम्रो उद्देश्य स्वतन्त्र मधेश नै भएकोले जनमत पार्टीका हामी स्वयम्सेवकहरू चौबिसै घण्टा खटेर मधेशमा रहेको उपनिवेशलाई हटाउने उनको भनाई थियो।' मुर्मुले भने। सयौंको संख्यामा उपस्थित भएका स्वतन्त्र मधेश गठबन्धन तथा जनमत पार्टीका स्वयम्सेवकहरू अबिर लगाई, कार्यकर्तालाई मिठाई खुवाई खुशियाली मनाएका थिए। केही दिनभित्रै जनमत पार्टीको जिल्ला समिति समेत गठन हुने भएको छ। अहिलेलाई मोरङ जिल्लाको संयोजक डा. परमेश्वर मुर्मुलाई तोकिएको छ। सीके राउतको उपस्थितिमा विराटनगरमा एउटा ठूलो सभा गर्ने भएका छन्। सो उद्घाटन समारोहमा पत्रकार, नागरिक समाज, बुद्धिजीवी, शिक्षक, विद्यार्थी लगायतका व्यक्तित्वहरूको समेत उपस्थिति रहेको थियो। स्वतन्त्र मधेश गठबन्धनको नामबाट नेपाल सरकारले प्रहरी प्रशासन लगाई धरपकड बढी भएकाले नेपाल सरकारसँग ११ बुँदे सम्झौता गरी सिके राउत खुल्ला राजनीतिमा होमिएका दाबी गरेका छन्। सीके राउतले प्रयोग गर्ने झण्डा, नारा, मधेश देशको राष्ट्रि गान लगायतका सामग्री प्रयोग भएमा अब धरपकड हुँदैन भनी जनमत पार्टीका स्वयंसेवकहरूले विश्वास लिएका छन्। तर पनि केही राउतको स्वयसेव माथि विशेष प्रहरीको निगरानी रहेको जनमत पार्टीकै एक स्वयम सेवकले बताए।

### हावाहुरी र असीनाले रौतहटमा क्षति

राकेश यादव, रौतहट। मंगलबार बिहान आएको हावाहुरी, पानीसँगै परेको अविरल असीनाले रौतहटमा बालीनालीमा व्यापक रूपमा क्षति पुर्याएको छ। तेज हावा, वर्षा र असीनाले गहुबाली, खपडा, टायलको छाना भएको घर, आप, केराको बोट, लिची लगायतको बालीमा व्यापक रूपमा क्षति पुगेको हो। आसीनाले बृन्दावन, देवाही गोनाही, माधवनारायण, परोहा नगरपालिकाको वडा नम्बर १,२,३ गौर नगरपालिकाको वडा नम्बर ९, राजदेवी नगरपालिकाको १,७ वडा सबैभन्दा बढी प्रभावित भएका छन्। हावाहुरीबाट फुसको घर उडाएको छ भने रूख विरूवाहरू ढलेका छन्। जस्ता र फुसको घरको छाना उडाएको तथा असीनाले खपड़ा क्षतिग्रस्त भएको छ। राजदेवी नगरपालिका वड़ा नम्बर ७ मुड़वालवामा सयौ विघा जग्गामा लगाइएको गहुबाली, मकै, तेलहन बाली क्षति भएको छ।

### खेल जगतको भूमिका अहम् : सांसद यादव

वीरगंज। संघीय समाजवादी फोरम नेपालका पर्सा जिल्ला अध्यक्ष एवम् प्रतिनिधिसभा सदस्य सांसद प्रदिप यादवले खेलकुद क्षेत्रले समाज र देशलाई जोडी राख्न अहम् भूमिका निर्वाह गरेको बताएका छन्। वीरगंजको नारायणी रंगशालाको क्रिकेट मैदानमा बुधबारदेखि सुरू भएको दोस्रो वीरगंज च्याम्पियन टी २० लिग क्रिकेट टुनामेन्ट २०७५ प्रतियोगिताको ब्याटिङ्ग गरेर खेलको उद्घाटन गर्दै सांसद यादवले देशमा भाषा, धर्म, समुदाय र जातजातिको बीचमा विभेद भइरहेका बेला खेल जगतले समाज र देशलाई जोड्ने एउटा मजबुत कडीको रूपमा काम गरिरहेको बताए। खेल जगत एक क्षणको मनोरञ्जन होइन, यसले समाज र देशलाई नै जोड्ने काम गर्दछ, त्यसकारण यसको विकासमा सबैको सहयोग आवश्यक रहेको सांसद यादवले जोड दिए। वीरगंजका खेलाडीहरूले राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा देशको नाम विश्वमा पहिचान गराउन राम्रो प्रदर्शन तथा कैयौ सिरीजहरू समेत जितेको उदाहरण सुनाउदै सांसद यादवले खेलाडीहरूको मनोबल उच्च राख्न राज्यले खेल जगतलाई विशेष प्राथमिकता राखेर सहयोग गर्न आग्रह गरे।

### 'गाउँ-गाउँमा रक्षक संजाल निर्माण गरिने'

बाँके। स्थानीय सरकार निर्माण पश्चात बाँकेको खजुरामा पहिला पटक गाँउगाँउमा मानव अधिकार अभियान सुरू गरिएको छ। खजुरा गाँउपालिकाको आर्थिक सहयोग र मानव अधिकार संरक्षण तथा प्रवर्द्धन केन्द्र (हुरीपप) को आयोजनामा सुरू भएको मानव अधिकार अनुशिक्षण कार्यक्रमले गाँउपालिकालाई मानव अधिकार मैत्री बनाउन भूमिका निर्वाह गर्ने खजुरा गाँउपालिका वडा नं.४ का अध्यक्ष तिलक बिर सुनारले बताए। खजुरा ४ मा बुधबार आयोजित मानव अधिकार अनुशिक्षण कार्यक्रममा हुरीपपका अध्यक्ष एंव थर्ड एलायन्सका उप प्रादेशीक प्रमुख आलम खानले सहजीकरण गरेका थिए। मानव अधिकार उल्लघन,हनन,अपराध र ज्यादतीका बारेमा केन्द्रीत भएर छलफल भएको हुरीपपका सचिव असलम भाटले बताए। लिला बिकले खजुरा गाँउपालिकामा मानव अधिकार अनुशिक्षणको आयोजना भए पनि राजनितिक रूपमा हुने गरेको बताउदै उनले भने, हुरीपपले पहिलो पटक खजुरा गाँउपालिका संगको सहकार्यमा गरेको कार्यक्रम जनता मुखी रहेको र कुनै राजनीतिसँग नजोडिएको समेत धारण राखे।

### नागरिकताविहीनहरुद्वारा विरोध

विराटनगर। जन्मसिद्ध नागरिकका सन्तानलाई वंशजको नागरिकता रोकेकामा विराटनगरमा विरोध प्रदर्शन भएको छ। नागरिकतासम्बन्धी गृह मन्त्रालयको निर्णय कार्यान्वयन नगर्न सर्वोच्च अदालतले अन्तरिम आदेश दिएपछि विराटनगरमा नागरिकतापीडित संघर्ष समिति विरोधमा उत्रिएको हो। नागरिकताविहीन युवाको भविष्यसँग खेलवाड गरेको भन्दै विरोध गरेका छन्। सर्वोच्चकै आदेशमा पाउन थालेको नागरिकता पुनः रोक्न चलखेल सुरू भएको समितिको ठहर छ। समितिले तुरून्त नागरिकता वितरण गर्नुपर्ने माग गरेको छ।

### विपन्नलाई स्वरोजगार बनाउने तालिम

बाँके। गरिब तथा विपन्न परिवारका युवालाई स्वरोजगार बनाउन एक महिने मोबाइल मर्मत तालिम नेपालगञ्ज उपमहानगरपालिका-१३ मा सुरू भएको छ। नेपालगञ्ज उपमहानगरपालिका-१३ मा बसोबास गर्दै आएका घसियार, मुस्लिम र पछाडि परेका समुदायको युवालाई लक्षित गरी १३ जना युवाहरूको लागि तालिम आयोजना गरिएको टच नेपालका अध्यक्ष पूर्णप्रकाश डाँगीले बताए। तालिम उद्घाटन कार्यक्रममा बोल्दै नेपालगञ्ज उपमहानगरपालिका -१३ का वडा अध्यक्ष वीरेन्द्रबहादुर शाहले गरिब, विपन्न तथा पछाडी परेका समुदायका युवालाई स्वोरोजगार बनाई जीविकोपार्जनमा सहजता ल्याउन तालिम सञ्चालन गरिएको बताए। उनले विदेश पलायन हुने युवालाई स्वदेशमै रोक्न र उनीहरूको आर्थिक अवस्था सुधार गर्न तालिम दिएको बताउँदै तालिमले गरिबी उन्मूलनमा थौरै भए पनि सहयोग मिल्ने बताए।

### मेलामा दंगलप्रति दर्शक आकर्षित

कपिलवस्तु। १८ गतेदेखि सुरू भएको छैठौ प्राचीन कपिलवस्तु महोत्सवमा विराट दंगलप्रति दर्शकहरूको आकर्षण बढेको छ। नेपाल तथा भारतबाट आएका कुस्तीमा सहभागीहरूको खेल हेर्नका लागि भिड लागेको छ। दर्शकहरूको मध्यनजरलाई ध्यान दिँदै कुस्ती प्रतियोगिता बिहीबार, शुक्रबार र शनिबार ४ बजेदेखि ७ बजेसम्म राखिएको छ। महोत्सव आउने चैत ३० गतेसम्म रात्रीकालीन सयममा चल्ने छ। महोत्सवमा कृषि, पर्यटन, ब्यापार, बाल उद्यान, मनोरन्जन, गौतम बुद्ध र प्राचिन कपिलवस्तु झल्को दिने सामग्रीहरू रहेको तौलिहवा उद्योग वाणिज्य संघका सचिव अर्जुन चापागाईले बताए। महोत्सवमा २ सय बढी स्टलहरू रहेका छन्। ढेड लाख बढी दर्शकले अवलोकन गरी एक करोड बढीको कारोवार हुने संयोजक गयादिन कुर्मीले बताए। दैनिक रूपमा साझं ७ बजे बाट बुद्ध पध्म माविको खेल मैदानमा विविध सास्कृतिक कार्यक्रम तथा प्रथम डान्स आइडल पनि संचालनमा रहेको छ जसमध्ये टप १० छनौट भई प्रतिस्प्रधामा रहेका छन्।

# लोक नायक दिनाभद्रीको तेस्रो महोत्सव मनाइयो




सप्तरी । सप्तरीको खडक नगरपालिका–८ ढोलबजा र बोदेबर्साइन नगरपालिका-२ नेङ्ग्रा बैरिया, जोगियाँ जाँजरको पावन भुमिमा लोक नायक दिनाभद्रीको तेस्रो महोत्सव नेपाल भरिको प्रत्येक जिल्लाबाट आएका मुसहर समुदायले मनाएका छन् ।

राष्ट्रिय स्तरको तेस्रो मेला महोत्सवको प्रमुख अतिथिको रूपमा प्रदेश २ का आर्थिक मामिला तथा योजना मन्त्री विजय कुमार यादव, उक्त प्रदेशका सभासद गोविन्द न्युपाने, रूवी कर्ण, अभिशेष यादव, पूर्वमन्त्री उमेश यादव लगायत बोदे वर्साइनका नगर प्रमुख, खडक नगरपालिको नगरप्रमुख, मुसहर सांसद फुलिया सदाय, पूर्वसांसद असर्फी सदा, नेपाल राष्ट्रिय मुसहर संघको अध्यक्ष चन्देश्वर सादा, माहासचिव रामस्वरूप सदाय, नगर प्रमुख गंगा पासवान लगायत मुसहर अगुवाहरू, दलित अधिकार कर्मी दादिराम परियार तथा कालाकारहरूको उपस्थिति रहेका थिए ।

कार्यकमको शुरूवात गर्दै उपस्थिति मन्त्री, सांसदहरू, दलित अधिकारकर्मीहरू, मुसहर अगुवाहरूले दिनाभद्रीको पावन भुमिमा संकल्प गर्दै दिनाभद्रीको पोखरी, इनार, अतिकमन गरिएको जग्गा, तिर धनुष, दिनाभद्री आश्रम, दिनाभद्रीको क्षेत्रलाई पर्यटन क्षेत्र घोषणा तथा दिनाभद्रीलाई राष्टिय विभुतिको रूपमा घोषणा गराउन संकल्प गरेका थिए ।

मुसहर समुदायको अगुवाहरू तथा अधिकारकर्मीहरूको सबै भन्दा पछाडी पारिएको मुसहर समुदायको उत्थान गरे पछि मात्र देशको विकास हुने विचार राखेका थिए । नेपाल राष्ट्रिय मुसहर संघको महासचिव रामस्वरूप सदाले बोल्दै भने अब मुसहर समुदाय अधिकार प्राप्तिका लागि अगाडी बढीसेकेका छन्, सरकारले हाम्रो मुदाहरू प्रति सम्वेदनशील भएन भने हामी कडा भन्दा कडा आन्दोलन गरी ५० हजार भन्दा बढीको सख्यामा एकै पटक नेपाल भरी अनसन बस्ने चेतावनी दिएका थिए ।

आर्थिक मामिला तथा योजना मन्त्री माननीय विजय यादव ज्यूले बोल्दै मुसहर समुदायको उत्थान र विकासको निम्ति आफु निरन्तर तयार रहेको र दिनाभद्रीको स्थानको संरक्षको निम्ति एक करोड छुटाएको र दिनाभद्रीको स्थानको क्षेत्रलाई पर्यटन क्षेत्र घोषणा गराउन र दिनाभद्रीलाई राष्टिय विभुतिको रूपमा घोषणा गराउन आफु निरन्तर कार्य गर्ने पतिबद्धता जनाएका थिए ।

**नयाँ वर्ष २०७६**
को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
**मो.रिजवान अन्सारी**
अध्यक्ष
नेपाल संघीय समाजवादी पार्टी

**नयाँ वर्ष २०७६**
को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
**रामेश्वर राय यादव**
सांसद, नेपाल कम्युनिष्ट पार्टी

**नयाँ वर्ष २०७६**
को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
**नारदमुनी राना थारू**
सांसद, नेपाल कम्युनिष्ट पार्टी

**नयाँ वर्ष २०७६**
को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
**पशुपति दयाल मिश्र**
नेता, स्वतन्त्र राजनीतिक समूह

**नयाँ वर्ष २०७६**
को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
**डा.शिवजी यादव**
केन्द्रीय सदस्य
संघीय समाजवादी फोरम, नेपाल

**नयाँ वर्ष २०७६**
को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
**एकवाल मियाँ**
सांसद, राष्ट्रिय जनता पार्टी नेपाल

**नयाँ वर्ष २०७६**
को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
**रानी मण्डल**
सांसद, राष्ट्रिय जनता पार्टी नेपाल

**नयाँ वर्ष २०७६**
को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
**रमेश यादव**
राष्ट्रिय सभा सदस्य
राष्ट्रिय जनता पार्टी नेपाल

## संक्षिप्त समाचार

### एक दिनको तलब दिने

रूपन्देही । बारा र पर्साका हावाहुरी प्रभावितलाई प्रदेश नं. ५ का प्रदेशसभा सदस्यहरूले एक दिनको तलब दिने निर्णय गरेका छन् । प्रदेश सभाको आइतबार बसेको बैठकले बारा र पर्सामा आएको भीषण हावाहुरीबाट प्रभावित नागरिकलाई राहतका लागि प्रदेशसभा सदस्यहरूले एक दिन बरारबको रकम प्रदान गर्ने प्रस्ताव पारित गरेको हो । प्रदेश ५ मा ८७ जना प्रदेशसभा सदस्य छन् । यसअघि प्रदेश ५ सरकारले बारा र पर्साका आँधी प्रभावितलाई एक करोड रूपैयाँ प्रदान गर्ने निर्णय गरेको थियो ।

### अमेरिकी कम्पनीद्वारा सहयोग

जनकपुरधाम । बारा र पर्साका हावाहुरी पीडितहरूको राहतका लागि एक अमेरिकी कम्पनीले एक लाख रूपैयाँ मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीलाई हस्तान्तरण गरेको छ । क्लोथ बैंक धनुषाको पहलमा अमेरिकन कम्पनी पाराकोसमाको मैनेजर सुजीत झा आफ्नो कार्यालयमा कार्यरत ५५ जना कमचारीको एकदिनको तलब र कम्पनीको तर्फबाट ५० हजारसहित एक लाख रूपैयाँ हस्तान्तरण गरेका छन् । राहत हस्तान्तरण कार्यक्रममा राजपा नेपालको तर्फबाट प्रदेश २ का राज्यमन्त्री डा. डिम्पल झा, संस्थाको पदाधिकारी तथा शुभचिन्तकहरू अमित पाण्डे, दिपक चौधरी, रूबि झा, खुस्बु साह, पारस जैन, जुनियर अभियानी आदित्य झा, अनु झा, महेन्द्र आनन्द तथा सञ्चारकर्मीहरूको उपस्थितिमा मुख्यमंत्री राहत कोषमा जमा हुने गरि मुख्यमन्त्रीलाई हस्तान्तरण गरिएको हो ।

### सामुदायिकको नतिजा सुधारमा जोड

कपिलवस्तु । जिल्लाका विभिन्न स्थानीय तहमा सामुदायिक विद्यालयहरूको नतिज खस्कदै गइरहेको छ । नतिजालाई विश्लेषण गरि सुधार गर्नका लागि थप कदम चाल्नुपर्ने बुद्धभूमि नगरपालिकाले जनाएको छ । बुद्धभूमि नगरपालिकाले सामुदायिक विद्यालयको पढाईलाई गुणस्तरीय बनाउनका लागि दीर्घकालीन योजना बनाउने भएको छ । शिक्षा क्षेत्रको विकास बिना अन्य विकासको अर्थ नहुने भन्दै नगरपालिकाले सामुदायिक विद्यालयको स्तरलाई गुणस्तरीय बनाउन लागेको हो । अहिलेसम्म विभिन्न कारणले पढाइको स्तर सोचेजस्तो नभए पनि अबदेखि दीर्घकालीन योजना बनाएर काम गर्नुपर्नेमा नगर प्रमुख केशव कुमार श्रेष्ठले जोड दिएका छन् ।

### सहकारी संस्थाबाट लाखौं चोरी

रूपन्देही । रूपन्देहीको एक बचत तथा ऋण सहकारी संस्थाबाट करिब ९ लाख रूपैयाँ नगद चोरी भएको छ । देवदह नगरपालिका-१२ शंकरपुरस्थित सिद्धार्थ स्वावलम्बन बचत तथा ऋणसहकारी संस्थाबाट सोमबार बिहान चारी भएको हो । सो सहकारीबाट नगद ८ लाख ८९ हजार ३ सय १० रूपैयाँ चोरी भएको प्रहरीले जनाएको छ । फरार चोरहरूको खोजी गर्नुका साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### परामर्श संघद्वारा ५ लाख सहयोग

जनकपुरधाम । बारा र पर्साका हावाहुरी पीडितहरूको राहतका लागि नेपाल शैक्षिक परामर्श संघ (इक्यान)ले पाँच लाखभन्दा बढी रूपैयाँ सहयोग गरेको छ । राष्ट्रिय विद्यार्थी संघको पहलमा नेपाल शैक्षिक परामर्श संघले मुख्यमन्त्री राहत कोषमा पाँच लाख दुई हजार पाँच सय ७६ रूपैयाँ प्रदान गरेको हो । प्रदेश २ का भौतिक पूर्वाधार तथा विकासमन्त्री जितेन्द्र सोनलको उपस्थितिमा संघले मुख्यमन्त्री मो.लालबाबु राहत गद्दीलाई उनकै निवासमा भेटी पीडितहरूको राहत स्वरूप सो रकम हस्तान्तरण गरेका हो ।

### शुद्धोधनमा फोरमको अधिवेशन सम्पन्न

कपिलवस्तु । संघीय समाजवादी फोरम नेपाल कपिलवस्तुको शुद्धोधन गाउँपालिकामा अधिवेशन सम्पन्न भएको छ । लबनी स्वास्थ्य चौकीको सभाहलमा बन्द सत्रबाट रामनयन यादवको अध्यक्षतामा २१ सदस्यीय समिति चयन भएको हो । यस्तै, उपाध्यक्ष गुराहिया ( गुडिया) हरिजन, सचिव मनोज यादव, सहसचिव दुधनाथ यादव, कोषाध्यक्ष रबिन्द्र नाउ, सदस्यहरू मो फारूक, संगिता कुर्मी, रामसेवाक लोध, पर्मिला यादव, राधिका गिरी, पंचम यादव लगायत रहेका छन् । जिल्ला समन्वय प्रतिनिधिमा मनोज यादव र गुराहिया हरिजनलाई सर्बसहमतिबाट पठाउने निर्णय, ६५ प्रतिनिधिद्वारा गरिएको हो । अम्ब्रिष पान्डेयको संयोजकत्वमा ११ सदस्यीय सल्लाहकार समिति गठन भएको छ ।

### मिनिट्रकको ठक्करबाट बालकको मृत्यु

कैलाली । मिनिट्रकको ठक्करबाट लम्कीचुहा नगरपालिका-१ पूर्व लम्की बस्ने हरि बिष्टको ५ वर्षीय छोरा जनत बिष्टको मृत्यु भएको छ । उनलाई बाँके खजुरा गाउँपालिका-३ मनकामना बस्ने २३ वर्षीय ज्ञानबहादुर खत्रीले चलाएको बा.१९ च ४२८५ नम्बरको मिनिट्रकले सोमबार दिउँसो ठक्कर दिएको थियो । ठक्करबाट गम्भीर घाइते भएकाले टिकापुर अस्पताल पठाएकोमा उपचारको कममा जनतको मृत्यु भएको प्रहरीले जनाएको छ । ट्रक र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### ट्याक्टरबाट खसेर मृत्यु

रूपन्देही । ओमसतीया गाउँपालिका(३ बर्षारीस्थित सडकमा लु.३ त ९५५२ नम्बरको ट्याक्टरमा सवार रोहिणी गाउँपालिका-७ बस्ने २६ वर्षीय प्रबिण थारूकोबुधबार बिहानट्याक्टरबाट खस्न गई घटनास्थलमै मृत्यु भएको छ । ट्याक्टरनियन्त्रणमा लिई फरारचालकको प्रहरीले खोजी गरिरहेको छ ।

### फेन्सीको सामान बरामद

कैलाली । सशस्त्र प्रहरी बल, नेपाल गण हेक्वा कैलाली नम्बर ३४ गणबाट खटिएको एपीएफ टोलीले कैलाली जिल्ला धनगढी उपमहानगरपालिका २ मिलनचोकबाट करीब १ लाख ७५ हजार रूपैयाँ बराबरको चोरीपैठारीको फेन्सी सामान बरामद गरेको छ । बरामद सामान एपीएफ टोलीले आवश्यक कारवाहीको लागि स्थानीय भन्सार कार्यालयमा बुझाएको छ ।

**२०७५ साद भदौ १ गते देख लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरू:**

- हिंस्रक वा अन्य पशुपंक्षी राख्दा पूर्वसावधानी नअपनाई लापरवाही गर्नेलाई एक वर्षसम्म कैद वा दश हजार रूपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- चौपायालाई यातना दिएमा वा आफूले पालेका पशुपंक्षी रोगी वा वृद्धि भएको कारण सार्वजनिक रूपमा छोडेमा तीन महिनासम्म कैद वा पाँच हजार रूपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

# किन लाग्यो मधेशमा 'गो ब्याक चीन'को नारा ?





काठमाडौं। भारत र चीन दुवै नेपालको छिमेकी राष्ट्र हुन। छिमेकी राष्ट्र हुँदैमा मित्र राष्ट्र हुन्छ भन्ने छैन। उदाहरणका लागि धेरै टाढा जानु पर्दैन-भारत र पाकिस्तानलाई हेरे हुन्छ। यस्तै अमेरिका र मेक्सिको पनि छिमेकी भएर मित्र बन्न सकेका छैनन। यो प्रसंग यहाँ किन उल्लेख गरिएको हो भने हालै मधेशका केही जिल्लाहरूमा चीन विरोधी नारा लागेको छ। मधेशी जनताले मधेशमा चीनको उपस्थितिको अस्विकार्यतालाई बुझेर नारा लगाएका हुन।

वास्तवमा चीन छिमेकी देश हो र नेपालको मित्र राष्ट्र पनि। तर उसले नेपाललाई रंगभेदको आँखाले हेरिरहेको छ। चीनले नेपाललाई गर्ने अधिकांश सहयोग पहाड वा हिमालका जिल्लाहरूमा गइरहेको छ। उसको प्राथमिकतामा मधेशको भूमि परेको छैन। चीनले मधेशलाई रणनीतिक क्षेत्रको रूपमा मात्र बुझ्दा उसको कुनै पनि प्रकारको गतिविधिले मधेशलाई स्वीकार गर्ने अवस्था छैन।

चीनले पहाड र हिमालका जिल्लाहरूका स्थानीय जनतासँगको साझेदारीमा नेपाल सरकारमार्फत सहयोग गरिरहेको छ। तर उसले विकासका लागि मधेश छिरेको छैन। विकासमा पनि रंगभेद गर्ने चीनलाई मधेशले पचाउन सजिलो छैन। यसर्थ अब चीनले मधेशलाई हेर्ने आँखा परिवर्तन गर्नु जरूरी छ। उसले नेपाललाई समान दृष्टिले हेर्नु आवश्यक छ। उसको लागि हिमाल, पहाड र तराई उत्तिकै आवश्यक छ।

हालै जनकपुर र राजविराजमा उत्तरी छिमेकी चीनविरूद्ध 'चिनियाँ गो ब्याक' को नारा लाग्नु यसैको उदाहरण हो।

जनकपुरका स्थानीय युवाले प्रदेश सरकारले चीनबाट गाई ल्याउन लागेको विरोधमा चीनविरोधी नारा लगाएका हुन्। जनकपुरको भानु चोकबाट युवाहरूले 'चाइना गो ब्याक' लेखेको प्लेकार्ड बोकेर शिव चोकसम्म प्रदर्शन गरेका थिए।

छिमेकी देशविरूद्ध नारा लाग्नुलाई गम्भीर कूटनीतिक समस्याका रूपमा लिने गरिएको छ। चीनबाट गाई ल्याउन प्रदेश ३, गण्डकी प्रदेश र प्रदेश २ सरकारले चिनियाँ पक्षसँग सहमति गरेको भन्दै उनीहरूले त्यसको विरोधमा नारावाजी गरेका हुन्। चिनियाँ गाई आएमा नेपाली किसान मर्कामा पर्ने भन्दै युवाहरूले त्यसको विरोध गरेका हुन।

यस्तै चीनसँग सम्झौता गरेर प्रदेश २ सरकारले कृषि परियोजना सञ्चालन गर्न लागेको भन्दै राजविराजमा पनि प्रदर्शन भएको छ।

त्यहाँका स्थानीय युवा, विद्यार्थी, किसान र नागरिक समाजका अगुवाहरूले चिनियाँ परियोजना सञ्चालन नगर्न भन्दै दवाव दिनका लागि प्रदर्शन गरेका हुन।

यता, चीन विरूद्व नै प्रदर्शन भएपछि प्रदेश २ सरकारका भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्र साहले आफूहरूले चीनसँग सम्झौता नगरेको प्रष्टीकरण दिएका छन्। मन्त्री साहले चीन सरकारको एक डेरी फर्मसँग संघीय सरकारको कृषि मन्त्रालयले सम्झौता गरेको बताए। उक्त सम्झौता अनुसार चीन सरकारले यो प्रदेशमा गाई पनि दिन सक्छ, अथवा अन्य कृषिमा लगानी गर्न सक्ने मन्त्री साहले बताए। यसका लागि प्रदेशमा २ सय ५० हेक्टर जग्गा माग गरिएको र जग्गाका लागि आफूहरूले ध्यान दिइरहेको उनले बताए।

यदि चीनले आगामी दिनमा आफ्नो उपस्थिति चाहनछ भने उसले मधेशलाई रणननीतिक रूपमा हेर्ने दृष्टिकोण बदल्नुपर्छ।

## जलेश्वरलाई थारूज एण्ड फ्रेन्ड्स एशोसिएसनको आर्थिक सहयोग

कारी महतो, चितवन। साउदी सरकारलाई ब्लडमनि तिर्न नसकी साउदीमा अलपत्र परेका खैरहनी नगरपालिका वडा नं. १०, चितवनका जलेश्वर महतोलाई सकुशल स्वदेश फिर्ता ल्याउनका लागि विभिन्न संघसंस्थाहरूले आर्थिक सहयोग गरेका छन्। यसैबीच अमेरिकामा रहेका थारूज एण्ड फ्रेन्ड्स् एशोसिएसन (टिएफए) ले जलेश्वर महतो बचाउ अभियानका लागि एक लाख २२ हजार आठ सय रूपैयाँ सहयोग गरेका छन्। टिएफएले काठमाडौंमा रहेका कल्याणकारी बचत तथा ऋण सहकारी संस्था मार्फत पठाएको उक्त रकम सहकारी संस्थाका व्यवस्थापक धर्मलाल चौधरीले जलेश्वर महतो बचाउ अभियानको नाममा गरिमा बिकास बैंक लिमिटेडमा रहेको खाता नं. ०३७१०१००७४००७५०००००१ मा नगद जम्मा गरेर थारू पत्रकार संघ चितवनलाई जानकारी गराएका हुन्। विभिन्न अनलाईन मिडियाहरूबाट जलेश्वर महतोको बारेमा जानकारी पाएपछि थारूज एण्ड फ्रेन्ड्स एशोसिएसन अमेरिकाका अध्यक्ष सुशील चौधरीले अमेरिकामा रहेकका थारू लगायत नेपालीहरूलाई इमेल मार्फत सहयोगका लागि आहवान गरेका थिए। साउदी सरकारलाई ४५ लाख ब्लडमनि तिर्नुपर्नेमा हालसम्म २७ लाख नगद संकलन भएको जलेश्वर महतो बचाउ अभियानका अभियन्ता तथा जलेश्वरका छिमेकी सन्त कुमार महतोले बताए।

## मधेशीको राष्ट्रियता...

गाली गर्नेहरूको मानसिकता नै यस्तै रहेछ। यस्ता अन्धराष्ट्रवादी समूहका अगुवाहरूको कमी भने छैन। जसले मधेशलाई चरन र मधेशीलाई दास बनाउने मनोवृति बोकेका छन्।

ओलीको युपी बिहारको त्यो अभिव्यक्ति त्यसै आएको थिएन। ओली पनि पहिलाका अन्धराष्ट्रवादी नै हुन्। भारत विरोधी नारा लगाउने दिनको स्कूलिङमा फर्केर नागरिकताको सन्दर्भमा फिजिको उपमा लागिएका भारतीयहरूको मानवअधिकार प्रतिको हमला हो भने मधेशीहरूमाथिको हमला हो। किनभने त्यतिखेर नेपाली भूभागका केही मधेशीहरूलाई पनि भारतीयहरू जस्तै ती देशमा लगिएको थियो। त्यसैले यस्ता विषयमा अभिव्यक्ति दिँदा होस पुऱ्याउनु पर्ने आवश्यक्ता छ। मधेशीलाई सम्मान दिएर अधिकार दिएर संविधान संशोधन गरी नयाँ राष्ट्रियताको निर्माण गर्ने बेलामा यस्ता अभिव्यक्तिले कसको हित हुने होला त्यसबारे हेक्का सबैले राखे राम्रो हुने देखिन्छ।

पुराना अन्धराष्ट्रवादी मानसिकतालाई फेर्नुपर्ने आवश्यक्ता छ। अब वंशजको आधारमा नागरिकता दिने विषयमा चिन्ता केही हदसम्म जायज होला। नागरिकताको डण्डा अन्य विदेशीहरूका लागि होइन मधेशीहरूका लागि बनाइएको हो भन्ने विषय कसलाई थाहा छैन र ? नागरिकता विदेशीले लिएमा कानुनी उपचार खोज्नुपर्ने हुन्छ। तर आधारभूत मानवअधिकारलाई हनन हुने गरी कानुन बनाउनु किमार्थ हुँदैन। यस्ता अभिव्यक्ति फिजिकरणको त्रासमा आएको बाहेक अन्य केही देखिँदैन। कसैमा फिजिकरणको त्रास बाँकी भए नेपालमा फिजिकरणको चरण सकियो बुझे हुन्छ।

नेपालमा सदियौंदेखि बसोबास गरिरहेका आदिवासी, जनजाति, मधेशी, मुस्लिमलगायतका समुदायमाथि बेलाबखतमा राष्ट्रियताको सवालमा प्रश्न खडा हुने गरेको छ। यहाँका शासकहरूले मधेशीलाई भारतीय देख्ने प्रवृत्तिबाट माथि उठ्नुपर्छ। मधेशीको राष्ट्रियता माथि शंका गर्ने मानसिक रोगीहरूले पहिला आफ्नो इतिहासको बारेमा अध्ययन गर्न आवश्यक छ।



## सर्वोच्चको आदेश पुनर्विचार गर्न माग

काठमाडौं। पूर्वगृह राज्यमन्त्री मो.रिजवान अन्सारी नेतृत्वको नेपाल संघीय समाजवादी पार्टीले नागरिकताको सन्दर्भमा सर्वोच्च अदालतले जारी गरेको आदेश पुनरावलोकन तथा पुनर्विचार गर्न माग गरेको छ।

गृह मन्त्रालयले गत चैत १९ गते ७७ वटै जिल्ला प्रशासन कार्यालयहरूलाई पत्राचार गरी जन्मका आधारमा नागरिकता प्राप्त गरेका नागरिकका सन्तानलाई वंशजको नाताले नागरिकता दिने निर्णय कार्यान्वयन गर्न/गराउन निर्देशन जारी गरेको थियो। यता, पुस २५ गते सर्वोच्च अदालतले उक्त निर्देशनलाई कार्यान्वयन नगर्न/नगराउन आदेश जारी गरेको हो। सर्वोच्चको उक्त निर्देशन आफ्नै आदेश विरूद्ध रहेको समाजवादी पार्टीको ठहर रहेको छ।

सर्वोच्चले यस्तो आदेश जारी गरी लाखौं नेपालीलाई नागरिकताबाट वञ्चित गराई राज्यविहीन अवस्थामा पुऱ्याउने खालको फैसला भएको भन्दै अध्यक्ष अन्सारीले दुःख व्यक्त गरेका छन्। अन्सारीले उक्त आदेशको सम्बन्धमा पुनरावलोकन र पुनर्विचार गर्न सम्बन्धित निकायलाई अपील गरेका हुन्।

## खनाल स्वदेश फिर्ता

काठमाडौं। नेपाल कम्युनिष्ट पार्टी नेकपाका वरिष्ठ नेता झलनाथ खनाल भारत र श्रीलङ्काको भ्रमण गरी स्वदेश फर्किएका छन्। भारतको केरला हुँदै श्रीलङ्काको राजधानी कोलम्बोमा गएका उनी स्वदेश फर्किएका हुन्। कोलम्बोमा यही चैत २२ देखि २४ गतेम्म भएको एशियाली राजनीतिक दलहरूको अन्तर्राष्ट्रिय सम्मेलन ( आइक्याप) को ३२ औं स्थायी बैठक र 'एशियन युरोपियन पोलिटिकल फोरम'को तेस्रो बैठकमा सहभागी भई उनी स्वदेश फर्किएका हुन।आइक्यापको स्थायी बैठकमा सम्बोधन गर्दै उनले नेपालमा कम्युनिष्ट पार्टीको नेतृत्वमा दुई तिहाइको सरकारले जनअपेक्षानुसार काम गरिरहेको जानकारी दिए। कोलम्बोमा रहँदा उनले श्रीलङ्काका प्रधानमन्त्री रनिल विक्रमासिङ्घेसँग द्विपक्षीय हितका बारेमा छलफल गरेका थिए। पूर्वप्रधानमन्त्री खनाल दक्षिण भारत केरलाको त्रिवेन्द्रम पोथेनकोडमा भएको सन्तगिरि आश्रम हीरक जयन्तीका अवसरमा आयोजित सभा र आइक्याप बैठकमा सहभागी हुन गत चैत १० गते त्यसतर्फ गएका थिए।


# क्यान्सर

**शरीरमा अनियन्त्रित रूपमा कोषहरूको असमान्य बृद्धि हुनुलाई क्यान्सर भनिन्छ।**

**यो सरूवा रोग होइन।**

**क्यान्सर रोग चेतावनीका चिन्हहरू :**

- स्तनमा गिर्खा आउनु/गाँठागुँठी आउनु।
- मुसा, कोठीमा परिवर्तन आउनु।
- पाचनक्रृया र दिशा गर्ने बानीमा बारम्बार परिवर्तन आउनु।
- लामो समयसम्म खोकी लाग्नु र स्वर परिवर्तन हुनु।
- महिनाबारीमा धेरै रगत बग्ने अथवा अनियमित रगत बग्ने।
- अन्य शरीरको भागबाट अनियमित रगत बग्ने।
- कुनै घाउ वा सुजन निको नहुने।
- शरीरका कुनै पनि अंगको कोषमा अनियन्त्रित बृद्धि हुन गई क्यान्सर हुन सक्दछ।

तसर्थ क्यान्सर रोग लागेको शंका लागेमा तुरून्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी उपचार बारे आवश्यक जानकारी लिनु पर्दछ।

स्वास्थ्य कार्यालय,
काठमाडौं, टेकू


## स्थानीय सम्वाद

# वासस्थान र शौचालय तत्काल आवश्यक छ



**जयप्रकाश दास**
**वडाअध्यक्ष, फेटा गाउँपालिका-१, बारा**

**० हावाहुरीबाट प्रभावित तपाईंका वडाका पीडितहरुलाई कसरी व्यवस्थापन गर्दै हुनुहुन्छ ?**

– हावाहुरी लगत्तै हामी आफ्ना सम्पूर्ण साधन र स्रोत प्रयोग गरी उद्धार तथा राहत कार्यमा लगायौं। घाइतेहरूलाई उपचारका लागि अस्पतालमा पुऱ्यायौं। घरबारविहीनहरूको सुरक्षित वासका लागि व्यवस्थापन गऱ्यौं। खानाका लागि सामूहिक रूपमा नै व्यवस्था गरेका थियौं। त्यसपछि विभिन्न ठाउँहरूबाट सहयोगी हातहरू पनि आए। अहिले अलि सहज भएको छ। तत्कालका लागि हामीले बासस्थान पनि निर्माण गरेका छौं। यसमा नेपाली सेनाले सहयोग गरिरहेको छ।

**० पुनर्वासका लागि के गर्नुभएको छ ?**

– तत्कालका लागि अस्थायी टहराहरू निर्माण भएको छ। त्यसमा नेपाली सेनाको कार्य सराहनीय छ। प्रदेश सरकारले पुनर्वासका लागि घर बनाइदिने प्रतिबद्धता पनि जनाएको छ। हामीले पीडितहरूको विवरण संकलन गरिरहेका छौं। पीडितहरूका लागि हामीले छुट्टै कार्ड वितरण गरेका छौं। त्यो कार्डअनुसार राहत सामग्री वितरण तथा पुनर्वास गरिनेछ।

**० हुरी पीडितहरुका लागि विभिन्न ठाउँबाट ठूलो मात्रामा राहत घोषणा भइसकेको छ, त्यसलाई कसरी व्यवस्थितरुपमा पुऱ्याउने सोच्नुभएको छ ?**

– खासगरी पीडितहरूका लागि मुख्यमन्त्री राहत कोष नै खडा भएको छ। जसमा देश तथा विदेशबाट सहयोगी हातहरूले सहयोगका घोषणाहरू गरेका छन्। जति पनि राहतको नाममा सहयोगहरू उपलब्ध हुन्छ, त्यसले पीडितहरूलाई पुनः सामान्य अवस्थामा पुऱ्याउन सहयोग मिल्छ। हामीले टोल-टोलमा राहत वितरण तथा संकलन समिति पनि बनाएका छौं। त्यो समितिमा दाताहरूले राहत सामग्री जम्मा गराइरहेका छन्। त्यहाँबाट हामी आफैले पीडितहरूको घर-घरमा गएर वितरण कार्य गरिरहेका छौं। हामीले समिति नबनाउँदा अव्यवस्थित तरिकाले राहत वितरण भइरहेको थियो। त्यस्ता गुनासाहरू आएपछि हामीले त्यसलाई व्यवस्थित गरेका छौं।

**० यस्तो विनाशकारी हावाहुरी आउँछ भन्ने कुराको पूर्वानुमान गरिएको थियो ?**

– त्यस्तो कुनै किसिमको पूर्वानुमान गरिएको थिएन। कसैले नसोचेको जस्तो एक्कासी हावाहुरी आयो। जसले गर्दा ठूलो मात्रामा मानवीय तथा भौतिक क्षति हुन गयो।

> अहिले यस क्षेत्रमा बस्नका लागि सुरक्षित वासस्थान अति आवश्यक छ। अस्थायी टहराहरू निर्माण भएका छन् तर त्यो पर्याप्त होइन। आकाशमा बादल लाग्ने बित्तिकै पीडितहरू आत्तिन थाल्छन्।

**० पीडितहरुको राहत तथा उद्धारका लागि तीनै तहका सरकारबीच कस्तो सहकार्य हुँदैछ ?**

– अहिलेसम्म राहत तथा उद्धारमा सबैको सहयोग रहेको छ। तर, पुनर्निर्माणमा खासै चासो देखिएको छैन। हुन त प्रदेश र केन्द्र सरकारले घर बनाइदिने भनेको छ। तर, काम सुरू भएको छैन। तत्काल बस्नका लागि नेपाली सेनाले अस्थायी टहराहरू निर्माण गरेको छ। अहिले विवरण संकलन मात्रै भएको छ। विवरण संकलनपछि चाँडै नै पीडितहरूको वासका लागि स्थायी घर टहरा निर्माण हुने हामीले आश्वासन पाएका छौं। तीन महिनाभित्र सबै पीडितहरूका लागि घर बनाइदिने भन्ने कुरा हामीले सुनेका छौं।

**० घाइतेहरुको अवस्था कस्तो छ ?**

– घाइतेहरूको अवस्थामा सुधार हुँदै गएको छ। कतिपयले उपचार गराएर फर्किसकेका छन्। प्रधानमन्त्री केपी शर्मा ओली आफै यहाँ आएर सम्पूर्णहरूको निःशुल्क उपचार सरकारले गर्ने घोषणा गर्नुभएको थियो। त्यस्तै, प्रदेश सरकारले पनि घाइतेको उपचारमा तदारूकता देखाएको छ। मुख्यमन्त्रीले घाइतेहरूसँग आफै भेट्न आउनुभएको थियो। त्यसैले, घाइतेहरूको उपचारमा कुनै कमी छैन। घटनालगत्तै म आफै यो वडाको अध्यक्ष भएको नाताले स्वास्थ्य चौकी तथा अस्पतालहरूमा पुगेर उपचारमा कुनै कसर बाँकी नराख्न आग्रह गरेको थिएँ।

**० केन्द्रीय सरकारबाट कतिको राहतहरु आयो ?**

– केन्द्रीय सरकारबाट राहतहरू आएको हामीलाई जानकारी छैन। प्रदेश सरकारले विभिन्न किसिमका सहयोगहरू गरिरहेको छ।

**० प्रभावित क्षेत्रमा तत्काल प्राथमिकताका साथ के गर्नुपर्ने हो ?**

– अहिले यस क्षेत्रमा बस्नका लागि सुरक्षित वासस्थान अति आवश्यक छ। अस्थायी टहराहरू निर्माण भएका छन् तर त्यो पर्याप्त होइन। आकाशमा बादल लाग्ने बित्तिकै पीडितहरू आत्तिन थाल्छन्। फेरि पनि त्यस्तै विनाशकारी हावाहुरी आउँछन् कि भन्ने त्रासमा छन् पीडितहरू। पानी परेपछि त्यो टहराले धान्न सक्ने अवस्था छैन। अर्को कुरा यहाँ शौचालयको पनि समस्या देखिएको छ। त्यसैले वास र शौचालयको तत्काल बनाउनुपर्ने हो।

**० जसरी राहतहरु घोषणा भएका छन्, त्यसबाट पीडितहरुलाई कतिसम्म पूर्ति गर्न सकिन्छ ?**

– जहाँसम्म मानवीय क्षति भएको छ, त्यसको पूर्ति त गर्न सकिँदैन। तर, भौतिक क्षतिको पूर्ति अवश्य गर्न सकिन्छ। केन्द्र र प्रदेश सरकारले घर बनाइदिने भनेको छ। त्यसअनुसार यदि निर्माण भयो भने कुनै समस्या हुँदैन। यस्तै, विभिन्न सहयोगहरूले पनि मुख्यमन्त्री राहत कोषमा रकमहरू जम्मा गरेको हामीले सुनेका छौं। ती सबै सदुपयोग भयो भने पुनर्वासमा समस्या आउँदैन। तर, अब वर्षात्को मौसम पनि सुरू हुँदैछ, त्यस अगावै नै सरकारले घर निर्माण गरिसक्नुपर्ने हुन्छ।

नयाँ वर्ष २०७६
को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
**सीताराम मेहता**
सांसद
नेपाली कांग्रेस

नयाँ वर्ष २०७६
को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
**रामबाबु यादव**
सांसद, संघीय समाजवादी फोरम नेपाल

नयाँ वर्ष २०७६
को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
**उमाशंकर अरगरिया**
सांसद, संघीय समाजवादी फोरम, नेपाल

नयाँ वर्ष २०७६
को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
**ईश्वरदयाल मिश्र**
नेता, स्वतन्त्र राजनीतिक समूह

नयाँ वर्ष २०७६
को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
**जितेन्द्र सिंह**
महामन्त्री, राष्ट्रिय जनता पार्टी नेपाल

नयाँ वर्ष २०७६
को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
**रामसहाय प्रसाद यादव**
सांसद, संघीय समाजवादी फोरम नेपाल

नयाँ वर्ष २०७६
को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
**प्रदीप कुमार यादव**
सांसद
संघीय समाजवादी फोरम, नेपाल

नयाँ वर्ष २०७६
को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
**अतहर कमाल मुसलमान**
सांसद, नेपाली कांग्रेस

नयाँ वर्ष २०७६
को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
**सत्यनारायण मण्डल**
उपाध्यक्ष, राष्ट्रिय जनता पार्टी नेपाल

नयाँ वर्ष २०७६
को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
**रामप्रवेश बैठा**
प्रदेश २ सांसद, राजपा नेपाल

नयाँ वर्ष २०७६
को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
**इन्दु शर्मा**
सांसद, नेपाल कम्युनिष्ट पार्टी

नयाँ वर्ष २०७६
को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
**विमलप्रसाद श्रीवास्तव**
सांसद, संघीय समाजवादी फोरम नेपाल

# जिल्ला समाचार

## 'धार्मिक पर्यटकीय करिडोर निर्माण हुने'

जनकपुरधाम । मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले प्रदेशको विकासका लागि प्रदेश सरकारले धार्मिक पर्यटनलाई प्राथमिकतामा राखेर अघि बढेको बताएका छन् । सिरहाको लहान १८ स्थित पकडीया गढको संरक्षण सम्बर्द्धनको उद्देश्यले आयोजित पाँचौ पकडीया गढ महोत्सवको उद्घाटन गर्दै मुख्यमन्त्री राउतले पकडीया गढको विकासका लागि प्रदेश सरकारले हरसम्भव सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् । उनले पकडीया गढको वृहत डिपिआर तयार गर्न संरक्षण समितिलाई आग्रह समेत गरेका हुन् । आगामी आर्थिक वर्षमा प्रदेशको धार्मिक पर्यटकीय करिडोर निर्माणको कार्य सुरू हुने उल्लेख गर्दै मुख्यमन्त्री राउतले राजा सहलेशको गाथासँग जोडिएको पकडीया गढलाई पनि करिडोर भित्रै राखेर विकास कार्य अघि बढाउने उल्लेख गरे । धार्मिक पर्यटकीय करिडोरको निर्माण पछि लाखौं आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउने लक्ष्य प्रदेश सरकारले राखेको उल्लेख गर्दै उनले त्यसपछि यस क्षेत्रमा आर्थिक गतिविधि तीव्र हुने बताए । गंगाबहादुर राउत क्षेत्रीको अध्यक्षतामा भएको महोत्सव उद्घाटन समारोहमा स्थानीय जनप्रतिनिधिहरू, विभिन्न राजनीतिक दलका नेताहरूको उपस्थिति रहेको थियो । महोत्सव उद्घाटनअघि सोही वडामा युथ मुस्लिम वेलफेयर सोसाइटीद्वारा आयोजित स्वागत तथा सम्मान कार्यक्रममा मुख्यमन्त्री राउतले मुस्लिम समुदायलाई शिक्षामा जोड दिनु पर्ने बताएका थिए । प्रदेश सरकारले मुस्लिम समुदायको शिक्षाका लागि मदरसा बोर्ड गठन गर्न लागेको उल्लेख गर्दै मुख्यमन्त्री राउतले मदरसा बोर्ड गठन भैसकेपछि मदरामा अध्ययन गर्नेहरूले समेत सरकारी मान्यता पाउने बताए । मुख्यमन्त्री राउतले लहानस्थित जे एस मुरारका बहुमुखी क्याम्पसको निरीक्षण भ्रमण समेत गरेका छन् ।

## फोरमको गौर नगर अधिवेशन सम्पन्न

रौतहट । संघीय समाजवादी फोरम नेपालको गौर नगर अधिवेशन बिहीबार सम्पन्न भएको छ । पूर्वनिर्धारित कार्यक्रमअन्तर्गत भएको नगर अधिवेशनबाट २१ सदस्यीय नगर कार्य समिति गठन गरिएको छ । नगर समितिको अध्यक्षमा अमरूल हक़ सर्वसहमतबाट चयन गरिएको छ । समितिको उपाध्यक्षमा अर्चना यादव, सचिवमा राजाराम केसरी, सहसचिवमा प्रदीप यादव चयन गरिएको छ । सदस्यहरूमा मोहम्मद आवास मंसूरी, खातून नेसा, विनोद ठाकुर, कुमारी पूजा, सुभाष यादव, देवेन्द्र अधिकारीसहितका व्यक्ति रहेको नवनिर्वाचित अध्यक्ष अमरूल हक़ले जानकारी दिएका छन् । नगर अधिवेशनको उद्घाटन सत्रमा पार्टीका केन्द्रीय सदस्य, जिल्ला उपाध्यक्ष श्यामविहारी यादव, विद्यार्थी नेता प्रकाश भाई मधेशिया लगायत नेताहरूले सम्बोधन गरेका थिए ।

## 'धार्मिक पर्यटकीय स्थलहरूको संरक्षण आवश्यक'

वीरगंज । संघीय समाजवादी फोरम नेपालका पर्सा जिल्ला अध्यक्ष एवम् प्रतिनिधिसभा सदस्य सांसद प्रदिप यादवले धार्मिक पर्यटकीय स्थलहरूको संरक्षण आवश्यक रहेको बताएका छन् । वीरगंज महानगरपालिका वडा नम्बर १६ ईनर्वा गाउँमा रहेको पर्यटकीयस्थल तथा धार्मिक स्थलको रूपमा रहेको हनुमान मन्दिर प्रांगणको कम्पाउण्ड वालको विधिवत् रूपमा शिलान्यास गर्दै सांसद यादवले धार्मिक स्थलको संरक्षण र उत्थानमा आफू तत्पर रहेको बताए । आफ्नो संसदीय क्षेत्र लगायत पर्साको विभिन्न धार्मिक पर्यटकीय स्थलहरूको जिर्णोद्धार र उत्थानका लागि संघीय सरकारको विभिन्न सरोकारवाला निकायमा पहल गरेको समेत बताए । आर्थिक सामाजिक रूपान्तरणका लागि पर्यटकीय र धार्मिक स्थलको संरक्षण पनि आवश्यक भएको सांसद यादवले बताए । कार्यक्रममा सांसद यादवलाई इनर्वाका स्थानीयहरूले यस गाउँमा एउटा धर्मशाला निर्माण गर्न अति आवश्यक भएकोले धर्मशाला निर्माणमा सहयोग गर्न आग्रह गरेकोमा सांसद यादवले अगामी आर्थिक वर्षको बजेटबाट २० लाख रूपैयाँ छुट्याएर धर्मशाला निर्माण गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

## मायादेवी गाउँपालिका खुला दिसामुक्त

दिलिप कुमार यादव, कपिलवस्तु । कपिलवस्तु जिल्लाको मायादेवी गाउँपालिकालाई खुला दिसामुक्त घोषणा गरिएको छ । गाउँपालिकाका सम्पुर्ण ६ हजार ८ सय ४ घरधुरीमा शौचालय निर्माण भएसँगै गाउँपालिकालाई खुला दिसामुक्त घोषणा गरिएको हो । गाउँपालिकाको आयोजनामा वडा नम्बर १ पकडीमा आयोजित घोषणासभामा गाउँपालिका अध्यक्ष बजरंगी प्रसाद कुर्मीले खुला दिसामुक्त घोषणा गर्दै गाउँपालिकाबासीलाई शपथ समेत खुवाएका थिए ।

## मत्स्य विकास सम्बन्धी अन्तरक्रिया गोष्ठी

रौतहट । भेटेनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र रौतहटको आयोजनामा मत्स्य क्षेत्रको विकासका लागि सरोकारवालाहरूसँग एकदिने अन्तरक्रिया गोष्ठी कार्यक्रम आइतबार गौरमा सम्पन्न भएको छ । मत्स्य व्यवसायीहरूलाई आधुनिक तरीकाबाट माछा पालन गराउने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको थियो । जिल्ला माछा पालन व्यवसायीहरू सहभागी भएका गोष्ठी कार्यक्रममा जिल्ला कृषि विकास ज्ञान केन्द्रका प्रमुख रविन्द्र श्रीवास्तव, भेटेनरी अस्पताल तथा पशु सेवा केन्द्रका प्रमुख राम प्रकाश प्रधान, मत्स्य विकास अधिकृत सरोज यादवले माछा पालन गर्ने किसान व्यवसायीहरूलाई पोखरीमा पानीको मात्रा आँकलन गरी आवश्यकताअनुसार खान दिएमा माछाको उत्पादकत्व बढने बताएका थिए । सहभागी भएका माछा, मासु व्यवसायीहरूलाई कसरी उत्पादकत्व बढाउने भनी विषयमा विस्तृत रूपमा जानकारी गराइएको थियो । कार्यक्रममा सहभागी भएका व्यवसायी सुरेश यादवले अनुभवी प्राविधिकको सल्लाह सुझाव अनुसार माछा पालन गर्दा उत्पादनमा बृद्धि हुने गरेको प्रतिक्रिया दिएका छन् ।

## सुर्तीजन्य पदार्थ निषेध

विराटनगर । प्रदेश नं १ को सामाजिक विकास मन्त्रालयले विश्व स्वास्थ्य दिवसको अवसरमा मन्त्रालय र मातहतका कार्यालय परिसरमा सुर्तीजन्य पदार्थ बोक्न र प्रयोग गर्न निषेध गरेको छ । सामाजिक विकासमन्त्री जीवन घिमिरेले मन्त्रालय परिसरमा सुर्तीजन्य पदार्थ निषेध गरेको घोषणा गरेका हुन् । मन्त्रालयद्वारा आइतबार आयोजित कार्यक्रममा चुरोट, बिँडी, सिगार, तमाखु, हुक्का, सुल्फा, कच्चा सुर्ती, खैनी, गुट्खादगायतका सुर्तीजन्य पदार्थ सेवन गर्न र बोक्न निषेध गरिएको हो ।

## स्थानीय तहमा प्राविधिक शिक्षा

धनगढी । सुदूरपश्चिम प्रदेशका सामाजिक विकासमन्त्री कृष्णराज सुवेदीले प्रदेशका सबै स्थानीय तहमा चाँडै प्राविधिक शिक्षा पढाइ हुने बताएका छन् । धागढीमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम नीति, रणनीति तथा सीप नक्साङ्कन सम्बन्धी कार्यक्रममा उहाँले प्रदेशको सबै स्थानीय तहमा प्राविधिक शिक्षाको पढाइ हुने बताएका हुन् । उनले प्राविधिक शिक्षा हासिल गरेका जनशक्तिलाई प्रदेशमै रोजगारी उपलब्ध गराउनका लागि प्रदेश सरकारले प्रयास गर्दै आएको बताए ।

## बिरामीलाई सास्ती

विराटनगर । विराटनगरमा रहेको कोसी अस्पतालमा चिकित्सक ओपीडी (बहिरङ्ग विभाग) सेवा बन्द गरेर आन्दोलित हुँदा बिरामीलाई सास्ती भएको छ । उपचारका लागि अस्पताल पुग्ने बिरामी दैनिक उपचार नपाएर घर फर्कनु परिरहेको छ । अस्पताललाई संघीय सरकार मातहतमा लागिएको र विशेषज्ञ चिकित्सक आन्दोलित बनेका हुन् । स्वास्थ्य सेवा नै ठप्प पारेर चिकित्सकले आन्दोलन थालेपछि बिरामी मर्कामा परेका सर्वसाधारणको गुनासो रहेको छ । उक्त अस्पालबाट दैनिक एक हजार पाच सयभन्दा बढीले ओपीडी सेवा लिँदै आएका थिए ।

## थारू साहित्य सम्मेलन सम्पन्न

रूपन्देही । सैनामैना नगरपालिका मुर्गियामा दुईदिने थारू साहित्य सम्मेलन सम्पन्न भएको छ । थारू लेखक संघ र थारू कल्याणकारीसभा सैनामैनाको आयोजनामा सम्मेलन भएको हो । सम्मेलनमा थारू संस्कृतिको विकास र प्रवर्द्धनका विषयमा बहस तथा विश्लेषण भएको छ । सैनामैनाको उचिहडहामा सुरू भएको कार्यक्रमा पहिलो दिन रूपन्देहीको विकासका विषयमा बहस गरिएको छ । करिब दुई सय जनाको सहभागिता रहेको कार्यक्रममा थारू नेतृत्वको विकास, दङगौरा थारू भाषा मानकीकरण, मातृभाषा लेखकमा अख्यानको विषयमा बहस तथा थारू भाषा साहित्यिक रचनाको प्रस्तुतिसमेत गरिएकको थियो ।


अंगीकृत आमा बाट जन्मेको सन्तानले वंशजको नागरिकता पाउने तर वंशज आमा बाट जन्मेका सन्तानलाई नागरिकता बाट वंचित हुनुपर्ने ?? **रामकुमार शर्मा**


म नेपालको नागरिक छु । तर राष्ट्रियताको सन्दर्भमा म नेपाली छैनौ । मेरो राष्ट्रिय पहिचान मधेशी हो । तपाईं पनि भ्रममा नबस्नुस् । **कासिन्द्र प्रसाद**


नेपालको संविधान (२०७२) मा वैवाहिक अंगीकृत नागरिकता पाउने प्रावधान कटौती गर्ने प्रपञ्च रचिदै छ । यस अघि पनि मधेसीहरूले प्राप्त गरिसकेका अधिकाहरू विभिन्न बहानामा कटौती हुँदै आएका छन् । सबै सजग र सचेत बनौ । **रिता साह**


कि त म मधेशीलाई यो देशको आदिवासी धर्तीपुत्र घोषणा गरियोस या त मेरा पूर्वज जनक(जानकी बुद्धलाई नेपाली राष्ट्रिय विभूतिबाट खारिज गरियोस । **आनन्द गुप्ता**


नागरिक माने पो नागरिकता बन्छ । नेताजीहरू पनि खेलाची गर्नु हुन्छ । 'तिमीहरू नागरिक नै होइनौ' भनिदिनुस ना। के ल्यांग हानिरा ! **चन्दन कौशिक**


नागरिकता पाउने नेपालीको नैसर्गिक अधिकार हो । त्यसको लागि आन्दोलन किन गर्नु पर्ने ? तैपनि आन्दोलन गर्दैछु । जय हो नेपाल सरकार । **अर्जुन साह**


मधेशी मात्र किन , देश भर छानबीन होस न , को नेपाली को बिदेसी थाहा हुन्छ , बंगाल ,भूटान ,दार्जलिंग बाट धेरै टोपी हरू नेपाली नागरिकता लेको छ ॥। त्यो पनि स्पस्ट हुन्छ , नेपाली बोल्दैमा नेपाली त हुदैन नी । **मो.रीयाज साफी**


नेकपा ल्वाप्पमा २ थरी छन्, एउटा कार्यकर्ता जो सरकारी गलत कामको विरोध गर्छ । अर्को हनुमान, जो सही गलत भन्दैन जे भएपनि तलुवा चाटेर गुलामी गर्छ । सत्ताको केन्द्रमा हनुमान हरूको हलीमुहाली हुनाले सरकार असफल हुँदैछ भने पार्टी कमजोर भएको छ । **राजन चौलागाई**

# रेल छिट्टै गुड्छ : राजदुत पुरी

काठमाडौं । नेपालका लागि भारतीय राजदुत मञ्जीव सिंह पुरीले अब चाँडै नै जयनगर-जनकपुर रेल गुड्ने बताएका छन् । भारत सरकारको सहयोगमा निर्मित चन्द्रनारायण मेन्टेनरी अस्पतालको सिरहामा उद्घाटन गर्दै राजदूत पुरीले अब चाँडै जयनगर-जनकपुर रेल सञ्चालनले नेपाल भारतको सम्वन्धमा थप आयाम थपिने बताए । नेपालमा चल्ने रेल पनि अब भारतकै जस्तो ठूलो हुने राजदुत पुरीले जनाए । उनले भने, 'नेपालमा चल्ने रेलपनि भारतभरी चल्ने रेल जस्तै ठूलो हो, यसको सञ्चालनबाट नेपाली सीमावर्ती बजार जयनगर



मात्र हैन भारतको धेरै भू-भागमा सजिलै पुग्न सकिन्छ ।'
प्रधामन्त्री नरेन्द्र मोदीले परिकल्पना गरेको धार्मिक सर्किट र रामायण सर्किटको उद्देश्य पनि यसले पुरा गर्ने उनले बताए । सोही क्रममा राजदूत पुरीले अब चाँडै तपाईहरूले जनकपुर पुग्न ५६ किलोमिटर यात्रा पुरा गर्नुपर्ने बाध्यता पनि अब चाँडै पुरा हुने बताए । उनले भने, 'हुलाकी राजमार्गको काम पनि अब चाँडै सकिने भन्दै अब तपाईहरूले ३० किलोमिटरकै यात्रामा आफ्नो प्रदेश राजधानी पुग्नुहुन्छ ।'
राजदुत पुरीले अब चाँडै हुलाकी सडक निर्माणको काम पनि सम्पन्न हुने बताए । नेपाल भारतको नाता सीमाना भन्दा पनि भावनाको बढी भएको भन्दै उनले यस्ता खालका योजनाहरूले झन समबनध गाढा बनाउने बताए ।

# आर्थिक समाचार

## पुनर्निर्माणका लागि ८० करोड प्रदान

काठमाडौं । भारतले भूकम्पपछिको पुनर्निर्माणका लागि ८० करोड रूपैयाँ नेपाल सरकारलाई हस्तान्तरण गरेको छ । भूकम्पबाट क्षतिग्रस्त गोरखा र नुवाकोटमा ५० हजार घर निर्माणका लागि भारत सरकारले ८० करोड रूपैयाँ हस्तान्तरण गरेको भारतीय दूतावासले जनाएको छ । दूतावासका कर्मचारी सचिव अजय कुमारले ८० करोडको चेक हस्तान्तरण गरेका थिए । २०७२ सालको भूकम्पबाट भएको क्षतिपछि भारतले पुनर्निर्माणमा सघाउने प्रतिबद्धता जनाएको थियो ।

## आँधीपीडितलाई सूर्य नेपालको राहत

काठमाडौं । सूर्य नेपाल प्रालिले हावाहुरीबाट प्रभावित क्षेत्रमा कर्मचारीको तीनवटा टोली खटाएर १४ लाख भन्दा बढीको राहत सहयोग वितरण गरेको जनाएको छ । हावाहुरीबाट प्रभावितको घरदैलोमा पुगेर सात सयभन्दा बढीलाई राहत वितरण गरको कम्पनीले जनाएको छ । राहत सामग्रीमा त्रिपाल, म्याट र खाद्यान्न वितरण गरिएको कम्पनीको विज्ञप्तिमा उल्लेख छ ।

## ग्लोबल आइएमईको शाखा बर्दिवासमा

महोत्तरी । ग्लोबल आइएमई बैंक लिमिटेडले बुधबारदेखि प्रदेश नं. २ को महोत्तरी जिल्लाको बर्दिवास नगरपालिका वडा नं. १ बर्दिवासचोकमा नयाँ शाखा कार्यालय संचालनमा ल्याएको छ । यस बर्दिवास शाखा कार्यालय थप भएसंगै बैंकको शाखा कार्यालयहरूको संख्या १३६ पुगेको छ । महोत्तरी जिल्लार त्यस वरपरका बासिन्दालाई सेवा पुऱ्याउने उद्देश्यले खोलिएको शाखाले सरल तथा सुलभ बैंकिङ्ग सेवा प्रदान गर्ने बैंकले जनाएको छ । ग्लोबल आइएमई बैंकले सबै क्षेत्र र वर्गसम्म बैंकिङ्ग सेवाको पहुँच पुऱ्याउने उद्देश्यले बिभिन्न स्थानमाशाखा, एक्सटेन्सन काउण्टर तथाशाखारहित बैंकिङ्ग सेवामार्फत आफ्ना ग्राहकहरू माझ सेवा प्रदान गर्दै आइरहेको छ ।

# पर्यटन प्रवर्द्धनका लागि सिलिगुडीमा छलफल

काठमाडौं । पर्यटनको विकासमा नेपाल र भारत योजनाबद्ध रूपमा अघि बढ्नुपर्नेमा दुई देशका पर्यटन व्यवसायीले जोड दिएका छन् । दुई देशको पर्यटन विकासका लागि सिलिगुडीमा भेला भएका नेपाल र भारतका पर्यटन व्यवसायीले योजनाबद्ध रूपमा काम गर्न सके दुबै देशलाई फाइदा पुग्ने बताए । दुई देशको पर्यटन प्रबर्द्धनमा टेवा पुऱ्याउने उद्देश्यले भारतीय उद्योगीहरूको छाता संगठन सीआइआई र कोलकातास्थित नेपाली महावाणिज्यले आयोजना गरेको कार्यशाला गोष्ठीमा नेपाल र भारतका पर्यटन व्यवसायीको उल्लेख्य उपस्थिति थियो ।
कार्यशाला गोष्ठीमा महावाणिज्य दूत एकनारायण अर्यालले पर्यटनले नेपाल र भारतको सम्बन्ध थप मजबुत बनाइरहेको उल्लेख गरे । बुद्ध एयरले एक महिनाभित्रै काठमाडौं-कोलकाता सीधा उडान सुरू गर्ने उनले जानकारी दिए । 'बागडोगरा-पोखरा र बागडोगरा-विराटनगर उडान गर्न पनि बुद्ध एयर इच्छुक छ,' महावाणिज्य दूत अर्यालले भने, 'यसो हुन सक्यो भने दुई देशका पर्यटकलाई साह्रै सजिलो हुनेछ ।'

# कलामा नेपाल र भारत

काठमाडौं । कला मार्फत नेपाल र भारतको सम्बन्धमा कलाकारहरूले प्रकाश पारिरहेका छन् । बौद्धस्थित तारागाउँ म्युजियममा जारी चित्रकला प्रदर्शनीले यति बेला नेपाल र भारतको सम्बन्ध प्रकाशलाई कलामार्फत देखाइरहेका छन् । एकातिर काँशी, अर्कोतिर लुम्बिनी, एउटै क्यानभासमा गान्धी र बुद्धरू। अनि स्वयम्भू र ताजमहल । दुई देशको राष्ट्रिय प्रतीक स्वरूप झण्डाहरू पनि क्यानभासमा उत्तिकै हाबी छन् । सुशीला आर्ट एकेडेमीले गरेको प्रदर्शनीमा राखिएका कलाकृतिहरू दुई देश जोड्ने कला सेतु बनेका छन । एउटै फ्रेममा एकातिर बनारस र अर्कोतिर लुम्बिनी प्रस्तुत गर्नु निकै अर्थपूर्ण देखिन्छ । यसले नेपालका हिन्दु धर्मावलम्बीहरूको बनारस कनेक्सन र भारतका बौद्ध धर्मावलम्बीहरूको लुम्बिनी कनेक्सन प्रस्तुत गरिएको छ । भारतको झण्डापट्टि गान्धी र नेपालको झण्डापट्टि बुद्धको फिगर उतारिएको कलाकृति पनि उत्तिकै अर्थपूर्ण लाग्छ । दुई देशबीचको सुमधुर सम्बन्धलाई प्रस्तुत गर्न एउटा कलाकृतिमा आ-आफ्ना राष्ट्रिय पोसाक लाएका दुई व्यक्ति एक अर्को सम्मानमा झुकिरहेको प्रस्तुत गरिएको छ । दुई देशको बीचको जनस्तरीय प्रगाढ सम्बन्धलाई पनि यो चित्रले प्रस्ट्याउँछ । आर्ट एकेडेमीका सदस्य कञ्चन पाण्डेका अनुसार नेपाल र भारतबीच रहँदै आएको मैत्री सम्बन्धलाई अझै प्रगाढ बनाउन प्रदर्शनी गरिएको हो । प्रदर्शनीमा नेपालमा विभिन्न जनजातिको सांस्कृतिक विविधतासँगै भारतीय संस्कृतिको भावनालाई पनि साझा गरिएको छ । प्रदर्शनीमा तैल, एक्रेलिकलगायतका माध्यम अपनाइएका ८९ वटा कलाकृतिहरू छन् । स्वामी विवेकानन्द सांस्कृतिक केन्द्र र भारतीय दूतावाससितको सहकार्य रहेको प्रदर्शनी वैशाख १ गतेसम्म जारी रहनेछन् । प्रर्दशनीको नेपालका लागि भारतीय राजदूत मञ्जिभसिंह पुरीले उद्घाटन गरे ।

# प्रसूति अस्पताल निर्माण

सिरहा । नेपालका लागि भारतीय राजदूत मंजीव सिंह पुरीद्वारा सिरहा जिल्लामा चन्द्रनारायण यादव मेमोरियल प्रसूति अस्पतालको उद्घाटन गएको छ । राजनीतिक तथा सामुदायिक अगुवा एवम् भारत-नेपाल निकटका बहुसंख्यक व्यवक्तिहरूका साथ नेपाली कांग्रेस केन्द्रीय समिति सदस्य, कोषाध्यक्ष तथा चन्द्रनारायण मेमोरियल ट्रस्टका अध्यक्ष सीता देवी यादवले उक्त उद्घाटन समारोहमा उपस्थिति जनाएकी थिइन् ।
सिरहा जिल्ला र यस वरिपरिका ५० गा.वि.सहरूका जनताहरूको मातृत्व तथा स्वास्थ्य सेवामा पहुँच प्रदान गर्न सकियोस् भन्ने हेतुले उक्त अस्पतालको निर्माण गरिएको जनाइएको छ । गुणस्तरिय मातृत्व तथा बाल स्वास्थ्यमा आधारित न लाभ न घाटा सिद्धान्त अन्तर्गत चन्द्रनारायण यादव मेमोरियल ट्रस्टद्वारा अस्पताल सञ्चालित छ । २५ शचाहरू भएको यस नव निर्मित मातृत्व अस्पताल भवन भारतीय सरकारको रू २.६९ करोड अनुदान सहयोगमा निर्माण भएको हो । यस परियोजनामा चिकित्सकीय उपकरणहरू जस्तै अल्ट्रासाउण्ड, एक्स-रे, ब्लड बैंक, इमरजेन्सी, माइनर ओटी, ३ वटा डाक्टर कक्ष, १ वटा नर्स कक्ष, भण्डारण कक्ष, प्रशासन, लेखाशाखा र भुइँ तल्लामा शौचालय तथा आइसीयु, सीसीयु, र मेजर ओटी रहेका छन् । यस नव निर्मित संरचनाले सिराहा जिल्ला र यस वरिपरिका जिल्लाहरूका जनताहरूको मातृत्व तथा बाल स्वास्थ्य सेवामा सुधार प्रदान गर्नुका साथै मातृत्व तथा बाल मृत्युदर घटाउन सहयोग पुऱ्याउने विश्वास लिएको छ ।











# विकासमा भेदभाव गरिएको छैन : मन्त्री राई

नेपालगन्ज । सहरी विकासमन्त्री मोहम्मद इस्तियाक राईले विकासमा मन्त्रालयले विभेद नगरेको दाबी गरेका छन् । उनले मधेश, पहाड र हिमालमा समान किसिमले मन्त्रालयले विकासका कार्यहरू अगाडि बढाइरहेको बताएका छन् । बुधबार नेपालगन्जमा सञ्चारकर्मीहरूसँग कुराकानी गर्दै मन्त्री राईले यस्तो कुरा बताएका हुन् । उनले अहिले सहरी विकास मन्त्रालयले देशैभरिका सहरहरूको विकासलाई तीव्र पारेको दाबी गरेका छन् । उनले देशमा सहरीकरण बढ्दै गएकाले सबै सहरको विकासमा केही चुनौती भए पनि सरकारले विकास निर्माणलाई तीव्र पारेको बताए । मन्त्रालयले विकासका लागि तराई, मधेश र पहाडमा कुनै पनि भेदभाव नगरेका जिकिर गरे ।

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं